# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ६७ | काठमाडौं | शुक्रबार, १४ असार २०८१ | Prabhab National Daily | Friday, June 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## रास्वपामा महामन्त्री ढकालको प्रतिवेदनले हलचल

महामन्त्री ढकालले प्रतिवेदनमा पार्टी बिरामी अवस्थामा रहेको र निको पार्न सामान्य सिटामोलले नभई शल्यक्रिया नै गर्नुपर्ने निचोड निकालेका छन् । यति मात्र होइन, प्रदेश खारेजी र जनताबाट चुनिने प्रत्यक्ष कार्यकारीको पक्षमा उभिन पनि उनले सुझाएका छन् ।



**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री डा. मुकुल ढकालको समीक्षा प्रतिवेदनले रास्वपामा हलचल पैदा भएको छ । उनको प्रतिवेदको सार पक्ष भनेको रास्वपा जनविश्वासको गम्भीर संकटमा छ भन्ने हो । पार्टीको लोकप्रियता पूरै खस्किएको र रास्वपाप्रति नागरिकमा निराशा पैदा भएको पनि भनिएको छ ।

यी मूलभूत पक्षलाई समेटेर तयार गरिएको प्रतिवेदन महामन्त्री ढकालले पार्टी सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई बुझाइसकेका छन् । तर, उनले लामिछानेलाई प्रतिवेदन बुझाउनुभन्दा अघि नै प्रतिवदेनको सार मिडियाबाट सार्वजनिक भएपछि लामिछाने रिसाएका छन् ।

पार्टी नेतृत्वसँग छलफलै नगरी समीक्षा प्रतिवेदन मिडियालाई दिएको विषयमा उनीमाथि कारबाहीसमेत हुन सक्ने बताइएको छ । प्रतिवेदनमा उनले पार्टी बिरामी अवस्थामा रहेको र निको पार्न सामान्य सिटामोलले नभई शल्यक्रिया नै गर्नुपर्ने निचोड सुनाएका छन् । यति मात्र होइन, प्रदेश खारेजी र जनताबाट चुनिने प्रत्यक्ष कार्यकारीको पक्षमा उभिन पनि उनले सुझाएका छन् । प्रतिवेदनमा उनले अहिलेकै अवस्थामा चुनावमा गए पार्टीले निराशाजनक परिणाम पाउने पनि बताएका छन् ।

लामिछानेनिकट नेताहरूले महामन्त्री ढकाललाई जिम्मेवारीमुक्त गर्नुपर्ने आवाज उठाउन थालेको एक नेताले बताए । प्रतिवेदन बुझाउनुअघि नै ढकाल स्वयम्ले आफू कारबाहीमा पर्ने संकेत गरेका थिए । यद्यपि, बुधबार साँझ लामिछानेले आफ्नो पार्टी लोकतान्त्रिक विधिअनुसार चलेको भन्दै यसकै आधारमा कारबाही नगर्ने बताएका थिए ।

तर, उनी महामन्त्री ढकालले पहिल्यै प्रतिवेदन सार्वजनिक गरेको विषयमा रुष्ट रहेको बुझिएको छ । उनीनिकट नेताहरूले महामन्त्री ढकाललाई कारबाही गर्नुपर्ने सुझाव दिएको ती नेताले बताए । बिहीबार संसद भवनबाट निस्कने बेला शिशिर खनाल लगायत सांसदलाई महामन्त्री ढकालको प्रतिवेदनबारे गम्भीर समीक्षा गरिने बताएका छन् । 'महामन्त्रीलाई हामीले नै दलको समीक्षा यात्रामा पठाएका हौँ । उहाँले यात्रापछि लेख्नुभएको प्रतिवेदन अहिले सभापतिकहाँ छ । त्यहाँ केही हामीलाई झस्काउने विषय छन्', उनले भने, 'त्यसबारे गम्भीर छलफल गर्छौं ।'

स्रोतका अनुसार भने लामिछानेबाहेक उपसभापति स्वर्णिम वाग्ले, डिपी अर्याललगायत पदाधिकारीले ढकालको प्रतिवेदन हेर्न वा छुनसम्म पाएका छैनन् ।

(क्रमशः पृष्ठ २ मा)

एसईई नतिजा

# उदाङ्गीएको बास्तविकता

- माध्यमिक तहमा शिक्षण सिकाइ चरम संकटमा छ भन्ने एसईई नतिजाले देखाएको छ
- प्रयोगात्मक अंकले यो वर्षको नतिजालाई अझ छरपष्ट पारेको छ
- बोर्डले लिएको एसईई परीक्षामा सर्वाधिक फेल अर्थात् एनजी भएको सुदूरपश्चिम प्रदेश छ
- राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भने नजितालाई नकारात्मक भन्न नसकिने जिकिर गर्छन्



**सिन्धुपाल्चोक हेलम्बु–६ सुपारिटारस्थित श्री महेन्द्र माध्यामिक विद्यालयका शिक्षक तथा एसईईमा सहभागी विद्यार्थी, उक्त विद्यालयमा ३१ जनाले परिक्षा दिंदा पाँच जना मात्रै उत्तिर्ण हुन सफल भए ।** *तस्बिरः विद्यालयको फेसबुकबाट*

■ **जेबी योञ्जन**

**काठमाडौं–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्तीर्णभन्दा अनुत्तीर्ण धेरै भएका छन् । परीक्षा लेखेकामध्ये ५२ प्रतिशत अनुर्त्तीण भएको राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । अनुत्तीर्णलाई 'नन ग्रेडेड' अर्थात् एनजी भनिएको छ । परीक्षामा ४ लाख ६४ हजार ७८५ जना परीक्षार्थी सहभागीमा भएकामा २ लाख ४२ हजार ३१३ जना एनजीमा परेका हुन् ।

यसले माध्यमिक तहमा शिक्षण सिकाइ चरम संकटमा छ भन्ने देखाएको टिप्पणी भइरहेको छ । लामो समयदेखि सार्वजनिक विद्यालयको क्षेत्रमा क्रियाशील संस्था सूत्र फर लिडर्सका विजयमणि पौडेल त यस्तो संकट विगतमा लुकाइएको र अहिले उदाङ्गिएको बताउँछन् । उनले प्रभावसँग भने, 'हिजो अंकको प्रणाली हुँदासम्म शिक्षण सिकाइ कमजोर देखिएकै थियो तर ९ वर्ष लुकाइएको थियो । यसपटक देखियो ।'

बिहीबार सार्वजनिक नतिजाअनुसार २ लाख २२ हजार ४७२ जना (४७ दशमलव ८६ प्रतिशत) विद्यार्थी भने उत्तीर्ण भएका छन् । यसमा सबभन्दा धेरै ७८ हजार ८७४ जना जीपीए २.८० देखि ३.२० मा परेका छन् । यस वर्षदेखि लागू नयाँ लेटर ग्रेडिङ प्रणालीअनुसार परीक्षामा सहभागी विद्यार्थीले हरेक विषयमा सैद्धान्तिकतर्फ ७५ पूर्णाङ्क ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनतर्फ २५ पूर्णाङ्क ४० प्रतिशत अंक ल्याउनै पर्ने हुन्छ । कुनै एक विषयमा पनि न्यूनमत प्रतिशत अंक ल्याउन नसकेमा ग्रेडमा नपर्ने हुन्छ । सोही आधारमा यस वर्ष २ लाख ४२ हजार ३१३ जना विद्यार्थी ननग्रेडमा परेका हुन् ।

परीक्षा बोर्डका अनुसार उनीहरूमध्ये बढीमा दुई विषयमा ३५ प्रतिशत अंक ल्याउन नसकेका १ लाख १५ हजार ८३४ जनाले पुरक परीक्षा दिन पाउने छन् । मौका परीक्षा आगामी १८ र १९ साउनमा तोकिएको छ । जुन परीक्षामा सहभागी भएर परीक्षार्थीले ग्रेडवृद्धि गर्न सक्नेछन् । अरूले भने आगामी चैतमा हुने परीक्षामा एनजी आएको विषयको मात्र परीक्षा दिन पाउनेछन् । बिहीबार सार्वजनिक नतिजाअनुसार सबैभन्दा बढी गणित विषयमा एनजी अर्थात् पूर्णाङ्कको ३५ प्रतिशत अंक ल्याउन सकेनन् । उनीहरूको संख्या १ लाख ७७ हजार ९८५ जना हो ।

यस्तै विज्ञानमा १ लाख २६ हजार ९३३ जना, अंग्रेजीमा १ लाख १३ हजार ३८३, नेपालीमा ७९ हजार ६१ र सामाजिक विषयमा ७३ हजार ८७७ विद्यार्थीले ३५ प्रतिशत अंक ल्याएनन् । नतिजाले गणित, विज्ञान, अंग्रेजीजस्ता अनिवार्य विषयको शिक्षण सिकाइमा समस्या देखाएको छ । तर, शिक्षण सिकाइ सुधारका लागि प्रयासहरू नभएको पनि होइनन् । नतिजामा चाहिँ शिक्षण सिकाइ सुधार भएको देखिएन । उसो त हरेक वर्षको नतिजामा देखिने ठूलो अन्तर भनेको सैद्धान्तिक र प्रयोगात्मक अंकमा हो । यो वर्षको नतिजाले त्यसलाई अझ छरपष्ट पारेको छ ।

जसरी गणितमा सैद्धान्तिकतर्फ १ लाख ७७ हजार ९८५ जना विद्यार्थीले ग्रेडेड हुन चाहिने ३५ प्रतिशत अंक ल्याएनन् भने आन्तरिक मूल्याङ्कनमा शतप्रतिशतले ग्रेडेड हुन चाहिने ४० प्रतिशत अंक पाए । अंग्रेजी विषयमा १ लाख ३ हजार विद्यार्थी सैद्धान्तिक मूल्याङ्कनमा नन ग्रेडेड हुँदा शिक्षक, विद्यालयले गर्ने आन्तरिक मूल्याङ्कनमा कोही पनि नन ग्रेडेड भएनन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियाको सेवा क्षेत्रमा नेपाली कामदार लैजान सुरू

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपीएस)मार्फत सेवा क्षेत्रमा पनि नेपाली कामदार लैजाने प्रक्रिया अघि बढाएको छ । नेपालबाट उत्पादनमूलक, कृषि र शिप बिल्डिङको क्षेत्रमा मात्रै नेपाली कामदार लैजाँदै आएको कोरियाले सेवा क्षेत्रमा पनि नेपाली कामदार लैजान सुरु गरेको इपीएस कोरिया शाखाले जनाएको छ ।

अहिले ६ सय ९१ जना नेपाली कामदार सेवा क्षेत्रका लागि रोस्टरमा समेटिएका छन् । जसमध्ये सात जना छनोटमा परेका भने यसबाट चार जनाको कोरिया उडानको लागि प्रक्रिया अघि बढाइएको इपीएस शाखाले जनाएको छ । कृषि तथा उत्पादनमूलक क्षेत्रका लागि इपिएस परीक्षा उत्तीर्ण गरेर लामो समयदेखि रोस्टरमा रहेर पनि रोजगारदाताको छनोटमा नपरेका ३१ डिसेम्बर २०२४ मा म्याद सकिन लागेका कामदारहरूलाई कोरियाले सेवा क्षेत्र परिवर्तन गर्ने अवसर दिएको थियो ।

रोस्टरको म्याद सकिन लाग्दा पनि रोजगारदाताको छनोटमा नपरेका कृषि तथा उत्पादन क्षेत्रबाट सेवा क्षेत्रको रोजगारीका लागि तीन हजार ५०० जनाले आवेदन दिएको इपीएस शाखाका अधिकृत कमलराज श्रेष्ठले बताए । 'आवेदन दिनेहरूबाट कोरियाले जम्मा ६९१ जनाको मात्रै क्षेत्र परिवर्तन गराइदिएको छ, बाँकी पुरानै रोस्टरमा छन्,' उनले भने, 'रोजगारदाताको छनौटमा परेका सात जनाबाहेक बाँकी ६८४ जना सेवा क्षेत्रतर्फको रोस्टरमा नै छन् ।' कोरियाले सन् २०२५ मा सेवा क्षेत्रका लागि छुट्टै कोटा लागू गरेर नेपाली कामदार लैजाने सम्बन्धमा छलफल भइरहेको उनले बताए ।

गत वर्षदेखि कोरियाले रुट इन्डस्ट्रीमा पनि नेपाली कामदार लैजान थालेको श्रेष्ठले बताए । रुट इन्डस्ट्रीमा ३० जना कामदार गइसकेको उनले जानकारी दिए । 'गत वर्ष पाइलट प्रोजेक्टका रूपमा कामदार लगेको कोरियाले यस वर्ष फेरि ५० जना माग गरेको छ,' श्रेष्ठले भने, '५० जना माग भएकोमा १०१ जनाको सर्ट लिस्ट पठाएका छौं, यसको अन्तर्वार्ता चलिरहेको छ र ५० जना छनौट हुनेछन् ।' कोरियाले कृषि, उत्पादनमुलक, शिप बिल्डिङ र सेवा क्षेत्रसँगै वन (फरेष्ट्री) क्षेत्रमा पनि नेपाली कामदार लैजाने इच्छा देखाएको इपीएस शाखाले जनाएको छ ।

अहिले सेवा क्षेत्रका लागि कोटा तोकेर परीक्षा आह्वान गरेर पास भएकालाई रोस्टरमा राखेर पठाउन ढिलो हुने देखिएकाले अन्य क्षेत्रको रोस्टरमा बसेकाहरूबाटै छानेर लैजाने प्रक्रिया अघि बढाइएको शाखाले जनाएको छ । यसअघि अन्य क्षेत्रको रोस्टरमा भएका ५०० जनालाई पनि शिप बिल्डिङमा पठाइएको थियो भने गत वर्षबाट कोटा निर्धारण गरी भाषा तथा सीप परीक्ष पास गरेकालाई पठाउन रोस्टर तचयार गरिएको छ । रोजगारीको क्षेत्र फराकिलो भएसँगै कोरियाले इपीएसमार्फत इ-९ भिसामा नेपाली कामदार लैजाने गरेपनि नेपालबाट मौसमी कामदार र इ-७ भिसामा दक्ष कामदारको माग गरिरहेको सरकारी अधिकारहिरूले बताएका छन् ।

कोरियाले इपीएसमार्फत कामदार लैजान गरी २००७ मा नेपाल सरकारसँग जीटुजी सम्झौता गरेको थियो । कोरियाले कृषि र उत्पादनमूलक क्षेत्रमा सन् २००८ बाट इपीएस प्रणालीमार्फत् नेपाली कामदार लैजाँदै आएको छ । यो प्रणालीको सुरुवात भएयता एक लाख २० हजारको हाराहारी नेपाली कामदार कोरिया पुगिसकेको सरकारी तथ्यांकले देखाएको छ । हाल अनुमानित ५० हजार भन्दा बढी नेपाली कामदार कोरियामा कार्यरत रहेको बताइएको छ ।

रोजगारदाताको छनौटमा नेपाली कामदार परेको भन्दै कोरियाले प्रत्येक वर्ष कोटा वृद्धि गर्दै आइरहेको छ । सन् २०२४ को लागि एक लाख ६५ हजार आप्रवासी श्रमिक आपूर्ति गर्ने निर्णय गर्दै नेपालबाट झण्डै १६ हजारको हाराहारीमा कामदार लैजाने गरी कोरियाले कोटा निर्धारण गरेको छ । गतवर्ष झण्डै २१ हजार नेपाली कामदारलाई कोरियाले रोजगारीको अवसर प्रदान गरेको वैदेशिक रोजगार विभागको तथ्यांकलेसमेत देखाएको छ । कोरियाले यसवर्ष पनि निर्धारित कोटा भन्दा १० हजार बढी नेपाली कामदार लैजाने अपेक्षा गरिएको छ । नेपाली कामदारलाई प्राथमिकता दिँदै आएको कोरियाले नेपालसहित १६ वटा मुलुकबाट इपीएस प्रणालीमार्फत कामदार आपूर्ति गर्दै आएको छ ।


जनहितमा जारी सन्देश

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# संघीय संसद्का संयुक्त र विषयगत समितिमा सांसदहरू हेरफेर

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभाको बिहीबारको बैठकले संघीय संसद्अन्तर्गतका केही संयुक्त समिति र विषयगत समितिहरूमा हेरफेर गर्ने सहमति जनाएको छ।

संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली २०८० को नियम २५ को २ बमोजिम संसदीय सुनुवाइ समितिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालको स्थानमा डा. स्वर्णिम वाग्लेको नाम हेरफेर गर्न सभामुख देवराज घिमिरेले सभाको सहमतिका लागि प्रस्ताव गरेका थिए । उक्त प्रस्तावलाई बैठकले सहमति जनाएको हो ।

त्यस्तै, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७७ बमोजिम विभिन्न विषयगत समितिमा सदस्यको नाम थप तथा हेरफेरका लागि पनि प्रतिनिधिसभाको आजको बैठकले सहमति जनाएको छ । प्रमुख प्रतिपक्ष दल नेपाल कांग्रेसका सांसद डा. प्रकाशशरण महतलाई अर्थ समिति र सांसद नारायणप्रकाश साउदलाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पठाइएको छ ।

कांग्रेसका सांसद सीता गुरुङ र नेकपा एमालेका सांसद सुहाङ नेम्वाङलाई कानुन, न्याय तथा मानवअधिकार समितिमा जिम्मेवारी दिइएको छ । त्यसैगरी, कांग्रेसका सांसदद्वय रमेश रिजाल र सुरेन्द्रराज आचार्यलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा जिम्मेवारी दिइएको छ ।

कांग्रेस सांसदहरू टेकबहादुर गुरुङलाई कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा, धनराज गुरुङ, मोहनबहादुर बस्नेत र डिगबहादुर लिम्बूलाई शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाइएको छ । जनमत पार्टीकी सांसद अनिता देवीलाई राज्यव्यवस्था तथा सुशासन समितिमा पठाइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## उदाङ्गीएको बास्तविकता ...

माध्यमिक शिक्षाका जानकार मेदिन लामिछानेले भने, 'पढाउने शिक्षकले मूल्याङ्कन गर्दा सबै ग्रेडेड, अर्को शिक्षकले मूल्याङ्कन गर्दा ठूलो संख्या नन ग्रेडेड नहुनुपर्ने हो । शिक्षकले गरेको मूल्याङ्कन सही भएन या परीक्षा बोर्डले लिएको परीक्षा प्रणाली सही भएन ।'

परीक्षा बोर्डसँगै शिक्षक र विद्यालयलाई जिम्मेवार बनाउनुपर्नेमा उनको जोड छ । 'शिक्षकले प्रक्षेपित अंक र विद्यार्थीले ल्याएको अंकको बीचमा रहेर मूल्याङ्कन गर्न सकिने ठाउँ छ', उनले भने, 'यसमा शिक्षकलाई जवाफदेही बनाएर उसले दिएको अंकमा यति प्रतिशतभन्दा बढी अन्तर भएमा नतिजा खारेज गर्न सकिने व्यवस्था पनि रहन्छ ।' तर, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा भने नजितालाई नकारात्मक भन्न नसकिने जिकिर गर्छन् । 'विगतमा तल्लो ग्रेडलाई पनि ग्रेडेड भनेर पठाउँथ्यौं । यो वर्ष ३५ प्रतिशतभन्दा कम भएकालाई पठाउन नमिल्ने भएकाले ग्रेडेड हुनेको संख्या कम भएको हो', उनले भने ।

नन ग्रेडको प्रतिशत बढी देखिए पनि विषयगत नतिजामा नन ग्रेड हुनेको संख्यामा कमी आएको पनि बताए । 'अंग्रेजी, विज्ञान, गणितमा नन ग्रेड हुनेको संख्या घटेर विषयगत परीक्षामा सुधार आएको छ', उनले भने, 'माथिल्लो ग्रेड ल्याउनेको संख्या पनि बढेको छ । त्यसैले यो नतिजालाई म नकारात्मक लिदिनँ ।' तर, बोर्डले लिएको एसईई परीक्षामा सर्वाधिक फेल अर्थात् एनजी भएको भनेको सुदूरपश्चिम प्रदेशको हो । सुदूरपश्चिमबाट ५३ हजार ४ सय ४६ विद्यार्थीले एसईई दिएकोमा ३६ हजार ४ सय १० अर्थात ६८ दशमलव १२ प्रतिशत ननग्रेडिङ भएका हुन् । तीमध्ये १६ हजार ३७२ छात्र र २० हजार ३८ छात्रा छन् । सुदूरका ७९० विद्यार्थीले उत्कृष्ट नतिजा ३.६० देखि ४ जीपीए ल्याएका हुन् ।

सुदूरपछि धेरै विद्यार्थी असफल हुने प्रदेशमा लुम्बिनी परेको छ । लुम्बिनीका ८० हजार ३२७ विद्यार्थीले परीक्षा दिएकोमा ६१.२७ प्रतिशत अर्थात ४९ हजार २२४ ननग्रेडिङ भए । तीमध्ये २३ हजार १३५ छात्र र २६ हजार ८४ छात्रा छन् । त्यस्तै, लुम्बिनीमा ३ हजार २ सय ९० विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन् । सुदूर र लुम्बिनीपछि धेरै विद्याथी ननग्रेडिङ भएको कर्णालीमा हो । त्यहाँ ३५ हजार ३४ विद्यार्थीले एसईई दिएकोमा २० हजार ३ सय ८० अर्थात ५८.१७ प्रतिशत ननग्रेडिङ भए । तीमध्ये ९ हजार ६४५ छात्र र १० हजार ७३४ छात्रा छन् । कर्णालीबाट सबैभन्दा कम विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएकी छैनन् । त्यहाँका ४४१ विद्यार्थीले ३.६० देखि ४ जीपीए प्राप्त गरे । बागमती प्रदेशको समग्र नतिजा अरु प्रदेशको तुलनामा राम्रो देखिएको छ । ९९ हजार ८७२ विद्यार्थीले एसईई दिएकोमा ३३ हजार ८४३ अर्थात्, ३३ दशमलव ८८ प्रतिशत ननग्रेडिङ भएका छन् । तीमध्ये १६ हजार १४६ छात्र र १७ हजार ६९७ छात्रा छन् उत्कृष्ट जीपीए ९३.६० देखि ४० ल्याउनेमा पनि बागमती सबैभन्दा अगाडि छ ।

यसपछि कोशी र मधेश प्रदेशको ननग्रेडिङ स्थिति राष्ट्रिय नतिजाआसपास नै देखिएको छ । कोशी प्रदेशमा ५२.५० प्रतिशत ननग्रेडिङ भएका छन् । ७५ हजार ९८८ परीक्षार्थीमध्ये ३९ हजार ८९५ एनजी भएका छन् । तीमध्ये छात्रा २० हजार ६१३ र छात्र १९ हजार २८२ छन् मधेशबाट ७९ हजार ५९२ विद्यार्थीले एसईई दिएकोमा ५३.१२ प्रतिशत अर्थात् ४२ हजार २८६ विद्यार्थी ननग्रेडिङ भए । तीमध्ये २२ हजार ७४७ छात्रा र १९ हजार ५३७ छात्र छन् । मधेशमा ३ हजार ९५७ विद्यार्थीले ३.६० देखि ४ जीपीएको उत्कृष्ट नतिजा ल्याएका छन् ।

## रास्वपामा महामन्त्री...

मुलुक घुमेर आएका महामन्त्री मुकुल ढकाल यतिबेला आफैं आफ्नो प्रतिवेदन सार्वजनिक गरिपाउँ भनेर सभापति लामिछानेलाई गुहारिरहेका छन् । उनले प्रतिवेदन सार्वजनिक नगरुञ्जेल पार्टी केन्द्रीय समिति बैठकसमेत राख्न नदिने ढकालको तयारी छ । डोल्पाको शे फोक्सुन्डोनेर बसेर लेखेको भनिएको प्रतिवेदनले रास्वपा महामन्त्री ढकाललाई चर्चाको केन्द्रमा ल्याइदिएको हो ।

पार्टी सञ्चालनको वर्तमान पद्दति परिवर्तन नगरे २०८४ सालमा रास्वपा सकिने चेतावनीयुक्त प्रतिवेदन ढकालको छ । रास्वपाप्रति जनमत अत्यन्तै निराशाजनक रहेकाले आशामा बदल्नका लागि कठोर निर्णय लिनुपर्ने प्रतिवेदनमा उनले उल्लेख गरेका छन् ।

उनले भने, 'पार्टीलाई २०८४ मा गाह्रो हुने होइन के यस्तै तरिकाले पार्टी चले शतप्रतिशत पार्टी सकिन्छ', ढकालले भने । बालेनसँग दूरी बढाए थप क्षति हुने पनि ढकालको प्रतिवेदनमा उल्लेख छ । पछिल्लो समय लामिछानेको सम्बन्ध बालेनसँगको टुटिसकेको स्रोतले जनाएको छ ।

# मनसुनी विपद्बाट ३३ जिल्ला प्रभावित, २८ जनाको मृत्यु

**काठमाडौं (प्रस)**– मनसुन भित्रिएपछि गत जेठ २८ देखि यही असार १२ गतेसम्ममा विपद्बाट ३३ जिल्ला प्रभावित भएका छन् । गृह मन्त्रालयका अनुसार ताप्लेजुङ, पाँचथर, संखुवासभा, सिन्धुपाल्चोक, रसुवा, चितवन, लमजुङ, पर्वत, म्याग्दी, नवलपरासीपूर्व, गुल्मी दाङ, बाजुरा, कास्कीलगायत जिल्ला बढी प्रभावित भएका हुन् । यस अवधिमा कूल १४७ विपद्का घटना भएको र ती घटनाहरूमा परेर २८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

जसमा बाढीबाट एक, पहिरोबाट १४ र चटचाङबाट १३ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको छ । पहिरोबाट यो बीचमा १४ जनाको मृत्यु र १२ जना घाइते भएका छन् । पहिरोका कारण २५ घर पूर्ण क्षति भएको छ । १० वटा घर आंशिक क्षति भएको छ । पहिरोबाट मात्रै अनुमानित ६९ लाखभन्दा बढीको आर्थिक क्षति भएको गृहमन्त्री रवि लामिछानेको सचिवालयले जानकारी गराएको छ । यस्तै मनसुनका समयमा बाढीबाट एक जनाको मृत्यु र दुई जना घाइते भएका छन् । सो अवधिमा चटचाङबाट ६८ वटा घटना भएको र ती घटनामा परी १३ जनाको मृत्यु भएको छ ।

चटचाङबाट २४ जना घाइते भएका छन् भने १७ लाख बढीको आर्थिक क्षति भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईका अनुसार पछिल्लो विपद्जन्य घटना (असार ११ र १२ गते)को अवधिमामात्रै १८ जनाको मृत्यु भएको छ । जसमा नौजना चटचाङबाट र नौजना बाढीपहिरोमा परेर मृत्यु भएको उनले बताए ।

## राहत तथा उद्धारमा तीव्रता दिन सांसदहरूको माग

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले मनसुनी जोखिम न्यूनीकरण र राहत तथा उद्धारका काममा तीव्रता दिन माग गरेका छन् । बाढी, पहिरो, चटचाङ, डुबानलगायत समस्याले देशभर जनजीवन प्रभावित भएको भन्दै उनीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा आकस्मिक समयमा बोल्दै सांसद ईश्वरीदेवी न्यौपानेले मनसुन सुरु भइसकेको अवस्थामा बाढी, पहिरो, डुबान, चटचाङलगायत विभिन्न प्राकृतिक विपद्का घटना बढेकाले जोखिम न्यूनीकरण र पीडितलाई राहत तथा क्षतिपूर्तिका लागि सरकारसँग माग गरिन् । सांसद मानवीर राईले बाढी र पहिरोले सोलुखुम्बुका विभिन्न सडकखण्ड भत्किएर यातायात सेवा अवरुद्ध भएको तथा केही व्यक्तिको घरमा क्षति पुगेको विषय संसद्मा उठाए ।

सांसद अमनलाल मोदीले देशभर बाढीपहिरोको समस्या सिर्जना भएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए । उनले तत्काल उद्धार र राहतको कदम चाल्न माग गरे । सांसद रामहरि खतिवडाले बाढीपहिरोका कारण देशभर धनजनको क्षति भएको उल्लेख गर्दै ओखलढुंगाका विभिन्न स्थानमा पनि बाढी पहिरोले जनधनको भएको र घाइतेलाई हेलिकप्टरमार्फत उद्धार गरेर काठमाडौंमा उपचार भइरहेको सदनलाई जानकारी गराए । खानेपानी, विद्युत् तथा इन्टरनेट सेवा आपूर्ति, सिँचाइलगायत अत्यावश्यक सेवामा बाधा पुगेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए ।

सांसद मनबहादुर गुरुङले कास्कीका विभिन्न स्थानमा बाढी र पहिरोका कारण जनधनको क्षति भएकाले पीडितलाई राहत, क्षतिपूर्ति तथा सहज स्वास्थ्योपचारको सुविधा उपलब्ध गराउन सदनमार्फत सरकारसँग माग गरे । सांसद उर्मिला माझीले लमजुङका विभिन्न स्थानमा बाढी, पहिरो र चटचाङजस्ता मनसुनी विपद्का कारण छ जनाले ज्यान गुमाउनुपरेको सदनलाई जानकारी गराइन् ।

सांसद किरण साहले विपद् व्यवस्थापनका लागि सरकार र मातहतका निकायको ध्यानाकर्षण गराए । जोखिम न्यूनीकरण र पूर्वतयारीका काममा ध्यान दिन उनले सरकारसँग माग गरे । सांसद अब्दुल खानले मंगलबार र बुधबार भएको वर्षाका कारण देशभर २० जनाले ज्यान गुमाएका तथा १६ जनाभन्दा बढी घाइते भएको जानकारी गराउनुका साथै शिक्षा क्षेत्रमा विकृति बढिरहेको विषयमा विस्तृत अनुसन्धान गर्न सरकारसँग माग गरे ।

*(राससको सहयोगमा)*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०७/१६ मा दर्ता भएको **प्रा.लि. नं. ४२१५७** को **मैला कालिका जनरल स्टोर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०३/२५ मा दर्ता भएको प्रा.लि. नं. १७०७०० को **हर्षित नेपाली प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**बुढीगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मोरङ, कोसी प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**

डेंगी ज्वरो अरू मौसमी ज्वरो जस्तै हो । डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ । यसले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ ।

**लक्षणहरू:**
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्दछन् :
- बेस्सरी टाउको दुख्ने
- आँखाको गेडी दुख्ने
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने
- शरीरमा बिबिरा आउने रिंगटा लाग्ने
- वाकवाकी/वान्ता हुने

**डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरू:**
यो रोगबाट बच्नको लागि मुख्यतया: लामखुट्टेको टोकाइबाट जोगिनु पर्दछ । यसको लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो । लामखुट्टेको नियन्त्रण गर्न तल दिइएका कुराहरूमा ध्यान दिनु पर्दछ:
- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- लामखुट्टेको टोकाईबाट बच्न मल्हम वा मच्छड धूप जस्ता सामग्री प्रयोग गर्ने ।
- लामखुट्टेको टोकाईबाट बच्न राति र दिउँसो सधैं झुलभित्र सुत्ने
- घर वरपर वा खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको
- टोकाइबाट बच्न ध्यान पुर्‍याउने ।
- झ्याल/ढोकामा जाली लगाई बन्द राख्ने ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


असार १४ गते २०८१, शुक्रबार

| | |
|---|---|
| **मेष** | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| **वृष** | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| **मिथुन** | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |
| **कर्कट** | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |
| **सिंह** | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| **कन्या** | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| **तुला** | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| **वृश्चिक** | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| **धनु** | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| **मकर** | नयाँ रोजगारीको सम्भावना छ । |
| **कुम्भ** | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| **मीन** | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १४ गते, २०८१, २८ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङ्गेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदायचनालउ मा उपलब्ध हुनेछ ।



**राष्ट्रिय परिचयपत्र बनाउनेको भीड** | सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य भएपछि इलाका प्रशासन कार्यालय टीकापुरमा राष्ट्रिय परिचयपत्र बनाउन आएका सर्वसाधारण ।
*तस्बिरः झलनाथ खनाल/रासस*

# लार्भा नष्ट गर्ने अभियानमा कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका स्वास्थ्य विभाग डेंगी संक्रमण फैलाउने लामखुट्टेको बासस्थान र लार्भा नष्ट गर्ने तथा रोगबाट बच्न सामुदायमा सचेतना बढाउने अभियानमा जुटेको छ ।

नियमित पानी पर्न थालेसँगै यो रोगको जोखिम बढ्नसक्ने भन्दै कामपाले यही असार ९ गतेदेखि सबै वडामा उक्त कार्यक्रम सञ्चालन गरिरहेको छ । डेंगी नियन्त्रणक 'फोकलपर्सन' ऋषि भुसालका अनुसार यस अभियानमा ६४ स्वास्थ्यकर्मी र ५५८ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ ।

'रोग सार्ने र महामारी फैलाउने सबै प्रजातिका लामखुट्टे पानी जमेको ठाउँमा बस्छन् । उनीहरूको प्रजनन प्रक्रिया त्यहीँ पूरा हुन्छ । यसकारण पानी जम्न दिनु हुँदैन । यो काम व्यक्ति र समुदाय आफैंले गर्न सक्छन्, त्यसैले अभियान सञ्चालन गरिएको हो,' उनले भने ।

भुसालका अनुसार पानी जमेका खाल्डा पुर्ने, पानीका भाँडा, टायर तथा अन्य स्थानमा जमेको पानी हटाउने, यसमा लामखुट्टेको प्रजनन प्रणाली र रोग फैलिन सक्ने अवस्थाका बारेमा सर्वसाधारणलाई बुझाउने काम अभियानमा क्रममा भइरहेका छन् ।

रोगको लक्षण देखिएका बिरामीको परीक्षण, औषधोपचारका लागि वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न पनि भुसालले आग्रह गरे । 'पानी परेको समयमा सडक र सडक किनाराका खाल्डाखुल्डीमा फोहर पानी जम्मा हुन्छ । यस्तो पानीमा लामुखट्टेको संख्या वृद्धि हुन्छ । लार्भा खोज्ने तथा नष्ट गर्दा यस्ता ठाउँलाई प्राथमिकतामा राखेका छौं,' उनले भने ।

लार्भा नष्ट गर्न लार्भिसाइड औषधिको प्रयोग गरिएको जनाउँदै भुसालले यो जैविक औषधि रहेको बताए । 'यसले लामखुट्टे र त्यसका लार्भालाई बाहेक कसैलाई पनि हानी गर्दैन । यो विषादी होइन । औषधिलाई पानीको माथिलो भागमा छर्किने गरिन्छ । यसले लार्भाको पेटमा विष उत्पन्न गर्छ । यसबाट उसको पाचन प्रक्रिया नष्ट हुन्छ । यसबाट पूर्ण विकसित हुन नपाउँदै लार्भा मर्छ,' उनले भने ।

डेंगीको संक्रमणका बारेमा परामर्श दिनका लागि कामपाले निःशुल्क हटलाइन टेलिफोन ११८० चौबिसै घण्टा सञ्चालनमा राखेको जनाएको छ । अस्पताल जानुपरे १०२ नम्बरमा सम्पर्क गरेर निःशुल्क एम्बुलेन्स प्रयोग गर्न सक्ने व्यवस्थासमेत गरिएको छ । एक्कासि उच्च ज्वरो आउनु डेंगीको मुख्य लक्षण हो । यससँगै धेरै टाउको दुख्ने, आँखाको गेडी दुख्ने, रिंगटा लाग्ने, वाकवाकी लाग्ने, बान्ता हुने, शरीरमा बिमिरा आउनेलगायत यसका मुख्य लक्षण रहेका छन् ।

# छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड



**काठमाडौं–** राष्ट्रिय सभाको बिहीबारको बैठकमा सांसदहरूले छाउपडी प्रथालाई राज्यले बन्द गर्नुपर्नेमा जोड दिएका छन् । बिहीबार बसेको बैठकमा सांसदहरूले छाउपडी प्रथाका कारण किशोरीको सुरक्षा हुने नसकेको भन्दै यो प्रथा अन्त्यका लागि राज्यले आवश्यक नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् । सांसद सुरेशकुमार

## राष्ट्रिय सभा बैठक

आलेमगरले केही दिन अगाडि अछाममा छाउपडीमा राखिएकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति आपत्ति जनाउँदै पीडित किशोरीलाई मनोवैज्ञानिक क्षतिपूर्ति आवश्यक रहेको बताए । 'छाउपडी प्रथा तुरुन्तै राज्यले बन्द गर्नुपर्छ । यसका लागि आवश्यक नीति बनाएर कार्यान्वयन गर्नुपर्छ,' उनले भने, 'किशोरीलाई न्याय र पीडकलाई कडारूपमा कानुनी कारबाही गर्नुपर्छ ।'

सांसद कृष्णबहादुर रोकायले राज्य भएको अनुभूति जनताले गर्न नपाएको भन्दै जनताका विद्यमान समस्या समाधानका लागि राज्यले चासो देखाउन नसकेको आरोप लगाए । 'गत कात्तिकमा जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण भत्किएका घर बन्न सकिरहेको छैन, अस्थायी बसोबासको रूपमा टहरा प्रयोग भए पनि वर्षामा पानी छिर्ने तथा सर्प छिर्ने समस्या छ,' उनले भने, 'भूकम्पपीडितको समस्या समाधानतर्फ सरकारको ध्यान गएको छैन, त्यहाँका जनताको आवाज सरकारले सुन्नुपर्छ ।'

सांसद तुलसाकुमारी दाहालले मुलुकको अर्थतन्त्रमा आएको शिथिलता हटाउन सरकार गहन हुनुपर्नेमा जोड दिइन् । 'अर्थतन्त्रका तीन खम्बे रणनीति, सरकारी, सहकारी र निजी क्षेत्रबीच समन्वय हुनु जरुरी छ । विप्रेषणबाट प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा लगाउनुपर्छ, निजी लगानी आकर्षण गर्न लगानीमैत्री वातावरण बनाउनुपर्छ,' उनले भनिन्, 'स्वदेशी उत्पादनमा जोड दिँदै लगानीकर्तालाई सुरक्षित लगानीको वातावरण बनाउनुपर्दछ ।'

सांसद दाहालले बाँझो जमिनको सदुपयोग गर्दै फलफूल तथा तरकारी बिरुवा उत्पादन गरेर आर्थिक सुधारका लक्ष्य लिन सरकारलाई सुझाव दिइन् । किसानका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी सहभागी गराउनुपर्नेमा उनले जोड दिइन् । सांसद सावित्री मल्लले कर्मचारीको तलब नबढेकाले मनोबल घटेको भन्दै यसमा सरकारको ध्यान जानुपर्नेमा जोड दिइन् । उनले मुलुकको आर्थिक समृद्धिका लागि कृषि, वन, पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने बताइन् । उनले प्राकृतिक विपत्तिका कारण मृत्यु हुनेका परिवारलाई समयमा नै राहत, घाइतेलाई उपचार र पीडितलाई गाँसबाँसको व्यवस्था गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद तुलप्रसाद विश्वकर्माले अछाममा छाउगोठमा बसिरहेकी किशोरीमाथि भएको बलत्कारको घटनाप्रति छानबिन गरेर पीडितलाई न्याय दिलाउन माग गरे । उनले मुलुकमा भ्रष्टाचार उन्मूलनका लागि सरकारको ध्यान जान आवश्यक रहेकामा जोड दिए । 'भ्रष्टाचारलाई जरैबाट निर्मूल पार्न सरकारले कडाइका साथ नियम बनाएर कार्यान्वयन गर्नुपर्छ,' उनले भने । सांसद गोपालकुमार बस्नेतले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेट किसान अनुकूलन नभएको बताए । 'साना किसानका लागि पनि सरकारले आधुनिक कृषि खेती प्रवर्द्धन गर्न सहयोग गर्नुपर्छ,' उनले भने, 'किसानलाई समयमा बीउ र मल उपलब्ध गराएमा कृषिको उत्पादन वृद्धि हुनुका साथै कृषिमा मुलुक आत्मनिर्भर बन्न सक्ने छ ।' *रासस*

## मोटरसाईकल हरायो

मिति २०८१/०३/०७ गते भक्तपुर, बोडेबाट पार्किंग गरिराखेको अन्दाजी साँझ १९:०० बजे तिर निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न मोबाइलमा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**मो.सा. नं:** बा.प्र. -०२-०४९ प ७७२६
**च्यासिस नं.:** MD2A13EXXNCM86308
**ईन्जिन नं.:** DKXCNM40810
**रंगः** कालो निलो बजाज पल्सर 220 cc
**सम्पर्कः** ९८६९००९३४८ (ध्रुव प्र. न्यौपाने)

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति :२०८१/०३/१४**

यस श्री अररीडाँडा सामुदायिक वन उपभोक्ता समूह, कमलामाई न.पा.-११, सिन्धुलीको वन क्षेत्रबाट स्वीकृत वन व्यवस्थापन कार्यविधि २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय, सिन्धुलीको च.नं. २३९२ मिति २०८१/०३/१२ को व्यापारीक प्रयोजनका बिक्री सहमति बमोजिम उत्पादित काठ दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई रहेको साल जातको गोलिया थान ५९५ को ४७२.६ क्यु.फिट काठ र १.५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समयसम्म शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**श्री अररीडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**कमलामाई न.पा.-११, सिन्धुली**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल आषाढ महिना १४ गते शुक्रबार)

यस विकास बैंकको केन्द्रीय कार्यालयबाट पूर्व कर्मचारी तपशिलमा उल्लेखित ऋणीले यस विकास बैंकमा कार्यरत रहँदाका अवस्थामा कर्मचारी सेवा सुविधा अन्तर्गत उपभोग गरेको कर्मचारी अधिविकर्ष कर्जा शिर्षकको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ र ३ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सो को नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्वन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| नाम : **गणेश भण्डारी** | नाम : **कविता आचार्य** |
| बाबुको नाम : तोरन बहादुर भण्डारी | बाबुको नाम : हरि प्रसाद आचार्य |
| बाजेको नाम : भिम बहादुर भण्डारी | बाजेको नाम : तुलसी राम आचार्य |
| स्थायी ठेगाना : सांकोष गाँउपालिका ३, धादिङ | स्थायी ठेगाना : निलकण्ठ नगरपालिका १३, धादिङ |
| अस्थायी ठेगाना : निलकण्ठ नगरपालिका १२, धादिङ | हालको ठेगाना : निलकण्ठ नगरपालिका १२, धादिङ |
| ना.प्र.नं : २६१ । ६९२५१, | ना.प्र.नं : २६-०१-७३-०५३०० |
| जारी मिति र जिल्ला : २०७०-०८-१०, धादिङ | जारी मिति र जिल्ला : २०७३-०४-२६, धादिङ |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SMART SAND COMPANY LIMITED IS ONE PERSON**
पूर्व स्वीकृति मिति २०८१/०३/११ | LT. No. 306819 | चलानी नं. ६०२२१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.**
पूर्व स्वीकृति मिति २०८१/०३/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/१३ | LT. No.298470 | चलानी नं.६०२१३३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 12 | 1000 | ३६,४३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 4 | 0 | 1000 | ३६,४३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MONASTIC CLEANING & CONTRACTING WLL**
पुर्व स्वीकृति मिति २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१३ | LT. No. 301901 | चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९१,५८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SQUARE DEAL MULTI-PURPOSE CO-OPERATIVE SOCIETY LIMITED**
पुर्व स्वीकृति मिति २०८०/११/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१३ | LT. No. :300440 | चलानी नं. ६०२१५५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 70 | 0 | 16500 | ४७,९०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason Grade II | 100 | 0 | 16500 | ४७,९०० | | | | | | | |
| 3 | Steel fixer grade II | 30 | 0 | 16500 | ४७,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Centre Overseas Pvt. Ltd.**
**THE CENTER OVERSEAS CONCERN PVT.LTD**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDULLAH ALI AL-SANAE TRADING EST**
पूर्व स्वीकृति मिति : २०८१/०३/१२ | LT. No. 306827 | चलानी नं. ६०२२१६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 1 | 0 | 1200 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **AL-FAKHAMA KING HEALTH INSTITUTE AND SALON FOR MEN**
पूर्व स्वीकृति मिति २०७९/०५/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१३ | LT. No. 270782 | चलानी नं. ६०१८६४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 10 | 0 | 150 | ६५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### एसइई नतिजा निराशाजनक

विगतमा कक्षा १० को अन्तिम परीक्षा अर्थात् एसएलसीलाई फलामे ढोकाको रूपमा मानिन्थ्यो । एसएलसी उत्तीर्णपछि माध्यमिक तहको पढाइ पार गरेर उच्च शिक्षामा प्रवेश गरिने हुँदा त्यस्तो चित्रण गरिएको थियो । तर अहिले कक्षा १२ सम्मलाई माध्यमिक तह बनाइएको छ । कक्षा १० को एलसएलसी परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (एसइई)को रूपमा सञ्चालन गरिँदै आएको छ । विगतमा एलएलसी परीक्षालाई जति गाह्रो रूपमा लिइन्थ्यो अहिलेको एसइईलाई त्यहीरूपमा लिइँदैन । परीक्षा प्रणाली पनि बदलिएको छ । जसकारण एलएलसीकै जस्तो उत्साह र चासोको विषय हुने गरेको पाइँदैन । यद्यपि एसइई परीक्षाको महत्त्व र सान्दर्भिकता फरकरूपमा स्थापित हुँदै गएको छ ।

बिहीबार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले गत वर्ष (२०८०) को माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा सार्वजनिक गरेको छ । परीक्षामा ४७.८६ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । बाँकी ५२.१४ प्रतिशत परीक्षार्थीले 'ननग्रेड' (एनजी) प्राप्त गरेका छन् । उत्तीर्ण भएकामध्ये १८६ जनाले चार जिपिए ल्याएका छन् । परीक्षामा सहभागी २२१ जनाको भने परीक्षा रद्द भएको छ ।

परीक्षा नियन्त्रक नन्दलाल पौडेलका अनुसार परीक्षामा सहभागी भएका चार लाख ६४ हजार ७८५ जनामध्ये ४७.८६ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका हुन् । नियमिततर्फ दुई लाख ४२ हजार ९२ जना विद्यार्थी उत्तीर्ण भएका छन् । उनीहरू कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् । ननग्रेड ल्याएका विद्यार्थीको संख्या दुई लाख ४२ हजार ३१३ रहेको छ । जसमध्ये दुई विषयमा ननग्रेड भएकाले मात्र ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् । दुई विषयमा ननग्रेड हुने विद्यार्थीको संख्या एक लाख १५ हजार ८३४ रहेको छ । दुईभन्दा बढी विषयमा ननग्रेड ल्याएका विद्यार्थीहरू भने आगामी वर्षको वार्षिक परीक्षामा सहभागी हुनुपर्ने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

बोर्डले यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरेको हो । ५२ प्रतिशतभन्दा बढी विद्यार्थी ननग्रेड भएको नतिजालाई सुखद् मान्न सकिन्न । पक्कै पनि यसले विद्यालय तहको शैक्षिक अवस्था अझै कमजोर रहेको देखाउँछ । यो नतिजा सन्तोषजनक हुँदै होइन । सरकारले अझै विद्यालय शिक्षामा सुधार गर्नुपर्ने आवश्यकता यो नतिजाले प्रस्ट देखाएको छ । यद्यपि, नतिजा जे जस्तो आए पनि विद्यार्थीहरूले आत्मसात् गर्नुको विकल्प छैन । उत्तीर्ण भएका विद्यार्थीहरूले आफ्नो रुचिको विषय रोजेर कक्षा ११ तर्फ अगाडि बढ्नुपर्छ । विषय छनोट र कस्तो संस्थामा पढ्ने भन्ने निर्णय लिन अभिभावकको साथ र सल्लाह महत्त्वपूर्ण हुन्छ । अर्कोतर्फ ननग्रेड भएका विद्यार्थीहरूलाई पनि निराश नभई नयाँ लक्ष्यका साथ अगाडि बढ्न प्रेरित गर्नुपर्छ ।

# विद्यार्थीले कक्षा १० पछि के पढ्ने ?



■ अमृतबाबु भट्ट

> एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कुल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्त्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रूचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई समेत उपयुक्त हुनेमा ध्यान दिनुपर्छ । यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुऱ्याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ ।

एसइई परीक्षामा २०८० सालमा सामेल विद्यार्थीहरू अहिले कक्षा ११ को भर्नाका लागि आफूलाई पायक पर्ने सानादेखि ठूला सहर र केन्द्रमा परामर्श लिन दौडधुप गरिरहेका छन् । विद्यार्थीका अभिभावकहरू आफ्नो नानीबाबुको पढाइ र सुन्दर भविष्यका लागि आवश्यक खर्चको जोहो गर्ने र परामर्श लिने क्रममा हुनुहुन्छ । अबको ५० हजार विद्यार्थी एसइई पास गरेर ११ कक्षामा भर्ना हुने छन् । यस क्रममा कक्षा ११ मा के पढ्नु उपयुक्त होला ? भनी अभिभावकहरूको जिज्ञासा बढ्न थालेको छ ।

**विषय छनोट कसरी गर्ने ?**

हरेक बालबालिका १० कक्षासम्मको पढाइ पूरा गर्ने क्रममा उसको लगाव प्राकृतिक विज्ञान वा सामाजिक विज्ञानमध्ये एकातिर अलि बढी भएको कुरा उसको शिक्षक, अभिभावक वा ऊ आफैंले पहिचान गरेको हुनुपर्छ । प्रकृति विज्ञानअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान आदि पर्छन् । यसले एउटा तथ्यलाई संसारभरि त्यही तथ्यका रूपमा स्वीकार्छ । जस्तो दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन मिसाउँदा त्यो नेपालमा भए पनि अमेरिकामा भए पनि पानी नै बन्छ, त्यो चाहिँ प्राकृतिक विज्ञान हो । समाज विज्ञानमा लेखा, अर्थशास्त्र, वाणिज्य शिक्षा आदि पर्दछन् । समाज विज्ञानले तथ्यलाई समयसापेक्ष बुझ्न सिकाउँछ । जस्तो नेपालको गरिबीका कारण अमेरिकाको गरिबीको कारणसँग मेल खाँदैन । त्यसैले समाज विज्ञान पढ्न पढाइसँग नेतृत्व गर्ने, व्यवस्थापन गर्ने आदि सीप विकास गर्दै लानुपर्ने हुन्छ ।

यस क्रममा विद्यार्थी कक्षा ९ र १० तिर पढिरहँदा उसले दिने सिर्जनात्मक उत्तर, उसले बनाउने परियोजना कार्य, कक्षाको छलफल वा उसले प्रयोग गर्ने ग्याजेट्स आदिबाट थाहा पाउन पनि सकिन्छ । यदि बालबालिकाहरू बढी जागरुक छ भने उसले कोरेको आफ्नो भविष्यको योजनालेसमेत यसको जानकारी दिन्छ । खासगरी प्राविधिक स्वभावको बालबालिकाले प्राकृतिक विज्ञान, सामाजिक सीप जस्तैः नेतृत्व लिन चाहने, भाषाशैलीमा महत्त्व दिने, व्यवस्थापकीय सीपमा चाख राख्ने बच्चाहरूले समाज विज्ञान पढेको राम्रो हुन्छ । विशेष सीप जस्तैः संगीत, हस्तकला, चित्रकला आदितिर झुकाव भएकाहरूले त्यसैअनुसारको विषय छनोट गर्न उपयुक्त हुन्छ । यी विषय छान्नुपूर्व विद्यार्थीहरूले पहिले आफ्नो जीवन खुसी हुने आदर्श पेसा कुन हो र केही गरी त्यो भएन भने दोस्रो छनोट के हो भनेर निर्धारित गर्नुपर्ने हुन्छ । त्यसका लागि १५, १६ वर्षको उमेरमा विद्यार्थीहरू पढेलेखेका अभिभावक र आफन्तहरू तथा मित्रहरूले सहयोग गुर्नपर्छ । त्यसैले कुनै पनि विद्यार्थीले आफ्नो विषय छनोट गर्दा विषयको गम्भीरता र त्यसले दिने रोजगारी आफूलाई मिल्दो, सुहाउँदो र इच्छाएको हुन्छ कि हुँदैन भन्ने विषयमा राम्ररी परिकल्पना गरेर निश्चित गर्नु उपयुक्त हुन्छ ।

**के गर्नु राम्रो हुँदैन ?**

हाम्रो पुरानो विश्वासका आधारमा धेरै नम्बर पाएका विद्यार्थीहरू प्राकृतिक विज्ञान पढ्ने, मेडिकल, इञ्जिनियरिङ आदि गर्नुपर्ने भन्ने मान्यता राख्नु हुँदैन । कुनै पनि पेसा आफैंमा ठूलो सानो छैन । कुन तहको काममा सम्बन्ध छ भन्ने कुराले सन्तुष्टिको तहलाई फरक पार्दछ । अनावश्यकरूपमा बालबालिकालाई दसैंका टीका लगाउँदादेखि यस्तो बनोस्, उस्तो गरोस् भनेर सुनाउन आफैंमा घुमाउरो पाराले अभिभावकको इच्छालाई विद्यार्थीको भविष्यमा मुखरित गरिएको हो । यो आफैंमा घातक छ । कुनै पनि विद्यार्थीलाई सानो उमेरमै विज्ञान पढ्ने होला तिमीले, उसले-उसले यो पढेर यसो गऱ्यो आदि कुरा गर्नु हुँदैन । किनकि त्यस्तो गर्दा विद्यार्थीको वास्तविक क्षमता भएको क्षेत्र पहिचान नै गर्न सक्दैन ।

मानिस स्वभावतः ठूलो देखिन खोज्ने प्राणी हो । बालकालिकालाई हामीले विज्ञान ठूलो हो भन्ने प्रभाव दिँदा धेरै बालबालिकाहरूले आफू अरुहरूभन्दा ठूलो देखिनका लागि नै विज्ञान पढ्ने निधो गर्दछन् । यो अन्ततोगत्वा गलत हुन्छ । त्यस्तै कतिपय अवस्थामा बच्चाहरूलाई तिमीलाई जुन राम्रो लाग्छ, त्यही पढ भन्छौं । यो पनि बच्चालाई आज राम्रो लागेको कुरा सधैं राम्रो नलाग्न सक्छ । उसको कलिलो उमेरले त्यो सबै निर्णय गराउन पनि उपयुक्त हुँदैन । त्यसका लागि विज्ञहरूको परामर्श चाहिन्छ ।

बालबालिकाले विषय छनोट केका आधारमा गरेको हो, त्यसैअनुसार विज्ञले परामर्श दिनु उपयुक्त हुन्छ । धेरै जस्तो अवस्थामा बालबालिका साथीभाइ जता जान्छन् र जे पढ्छन्, त्यसै गर्छु भनी आफ्नो निर्णय साथीलाई गर्न दिन्छ । यो अत्यन्त प्रत्युत्पादक हुन्छ । त्यसैले कोही पनि बालबालिकाले विषय छनोट गर्दा भविष्यको पेसाको कमाई, सुरक्षा, नाम प्रतिष्ठा, पहिचान, बुबाआमाको इच्छा, देश प्रेम, समाजको आवश्यकतामध्ये कुन आधारमा गरेको छ भनी विज्ञसँग बसेर छलफल गर्नु उपयुक्त हुन्छ । केही विद्यार्थी तथा अभिभावकहरू अहिलेलाई विज्ञान पढ्दै गरौं र पछि जता पनि जान पाइन्छ भन्ने खालको तर्क पनि गर्नुहुन्छ । कक्षा ११ मा पुग्दा फेरि नेपाली र अंग्रेजीबाहेक अरू सबै विषयको विकल्प छ । आफू जाने पेसा र विषयलाई कम ध्यान दिएर अन्य विषयवस्तुलाई बढी समय दिइराख्नु पनि तर्कसंगत छैन ।

प्रायः कक्षा १० सम्म विद्यार्थीको लगाव छुटचाउन नसकेका अभिभावकहरू यो मतमा आउनुहुन्छ, त्यो त्यति हितकारी छैन । केही अभिभावक विज्ञान गाह्रो विषय हो र त्यो पढेर पछि अरू विषय पढ्न सजिलो हुन्छ । त्यसैले अहिले विज्ञान नै पढ्दै गरोस् भन्ने तर्क दिनुहुन्छ । यो तर्क झट्ट हेर्दा सही हो कि जस्तो लागे पनि यस तर्कले विद्यार्थीको भावनालाई प्रतिनिधित्व कदापि गर्दैन । यसमा अभिभावकको विचारको हाबी देखिन्छ । केही अभिभावक र विद्यार्थीहरू कुन विषय पढ्दा विदेश जान सजिलो हुन्छ भनी प्रश्न गर्ने गर्नुहन्छ ।

खासगरी विकसित देशहरूमा शिक्षा दिने तरिका ज्यादै फरक छ । उनीहरू अन्डर ग्राजुयट तहसम्म विद्यार्थीलाई सामान्य र धेरै विषय पढाउँछन्, दर्शनशास्त्रलाई धेरै महत्त्व दिन्छन् । विषय छनोटमा व्यापक लचकता दिन्छन् । त्यसैले हाम्रो पाठचक्रम उनीहरूको भन्दा नितान्त फरक हो । विदेश जानलाई कक्षा ११ को यो वा त्यो विषयले तात्त्विक फरक पार्दैन । कति अभिभावकहरू परामर्शमा आउँदा घुमाउरो हिसाबले आफ्नो बालबालिकाले डाक्टर, इञ्जिनियर पढोस् भन्ने चाहनुहुन्छ । यसको कारण सोध्दा उहाँहरूको आफ्नो स्वार्थ देखिन्छ । कतै न कतै डाक्टरको इञ्जिनियरको मामा, काका, आमाबुबा हुने स्वार्थ त्यसमा देखिनु सही हुँदैन किनकि कोही पनि विद्यार्थीले अभिभावकको स्वार्थलाई त्यति महत्त्व दिएको पाइँदैन । कतिपय अभिभावकहरू सबैभन्दा राम्रो विषय के हो ? भनी सोध्नुहुन्छ, यसको उत्तर के हुन सक्छ ? विषयहरू गुणात्मकरूपमा प्रस्तुत गर्न मिल्दैन, सानो ठूलो विषय भन्ने हुँदै हुँदैन । कुनै विषयलाई कुन तहसम्म अध्ययन गरियो र कस्तो जनशक्ति तयार भयो भन्ने कुरा नै प्रमुख हुन्छ ।

**के गर्नुपर्छ ?**

वि.सं. २०८० को एसइईको नतिजा आइसकेको छ । अब विद्यार्थीलाई विभिन्न पेसाका बारेमा खोज अध्ययन गर्न लगाऊँ । विद्यार्थी कहिलेकाहीँ आफू सेतो कोट लगाएर मेडिकल डाक्टरको काम गरेको, कहिले नीलो कोट लगाएर प्रशासक बनेको, कहिले कालो कोट लगाएर न्याय तथा कानुन सेवामा काम गरेको, कहिले बैंकर भएको, कहिले प्रोफेसर भएको, कहिले फौजी सेवा, कहिले व्यापार-व्यवसाय आदिमा काम गरेको कल्पना गर्न लगाऊँ । सम्बन्धित त्यस्ता ठाउँहरूमा पुऱ्याएर कामको प्रकृति देखाऊँ, कामको अनुभूति पनि गराऊँ । तिमी १० वर्षपछि कुन काम गरिरहेको सपना देख्छौ भनी उसको बानी व्यवहार र रुचि निश्चित रूपमा पहिचान गर्न सक्यौं भने उसले पहिले पेसा छनोट गर्न सक्छ । एउटा विद्यार्थीले पहिले आफ्नो पेसा छनोट गरोस् । अनि उक्त पेसालाई चाहिने विषय छनोट गरोस् । त्यसपछि उक्त विषय पढाउने संस्था छनोट गरोस् । संस्था छनोट गर्दा पनि केही सावधानी अवश्य अपनाओस् ।

सामान्यतयाः विद्यार्थीलाई अभिभावकहरूले कलेज हेरेर आऊ भनी पठाउनुहुन्छ, जब ऊ कलेज छनोट गर्न आउँछ, उसँग खासै केही प्रश्न हुँदैनन् । प्रायः विद्यार्थीले सोध्ने गर्छन्, 'यो कलेज कस्तो छ ?' खासगरी कुनै पनि संस्थामा गएर यो संस्था कस्तो छ भनी सोध्दा के उत्तर आउँछ ? त्यसैले कलेज छनोट गर्न अभिभावकहरूले पनि विद्यार्थीसँगै जानुपर्छ र संस्थाको स्थायित्व, विगतको परीक्षाको परिणाम, पढिरहेका वा पढाइसकेका विद्यार्थीहरूको उदाहरण र सफलता, खर्च, पढाइको वातावरण, शिक्षक शिक्षिका र कर्मचारीको स्थायित्व र क्षमता, पूर्वाधार, लगानीकर्ता आदि पक्षको राम्रो तुलनात्मक अध्यापन गरेर मात्र निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । कुनै संस्थाले अस्वाभाविकरूपमा अधिक खर्च लिँदैमा वा न्यून खर्चमा पढाइदिन्छ भन्दैमा वा खर्चको हिसाबमा मात्र शैक्षिक संस्थालाई राम्रो वा नराम्रो भन्नु गलत हुन्छ । कहिलेकाहीँ अस्वाभाविक ज्यादा मूल्यले पनि उपभोक्तालाई आकर्षण गरेको देखिन्छ । खासगरी यस समयमा कलिला विद्यार्थीहरूलाई राम्रो परामर्शदाता, विषयविज्ञ, अनुभवी र दक्ष मानव संसाधनविद्को परामर्शमा डोऱ्याउनु अति आवश्यक हुन्छ ।

**निष्कर्ष**

एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कुल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्त्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्त्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रुचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई समेत उपयुक्त हुनेमा ध्यान दिनुपर्छ । यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुऱ्याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ । यसरी विषय र संस्थाको छनोट गरे विद्यार्थीको अध्ययन सही मार्गमा प्रवेश गरेसँगै उसको भविष्यको पेसागत गन्तव्य सहज बन्छ र अभिभावकको लगानीको सदुपयोग हुन गई उनीहरूको मनोकांक्षा पनि पूर्ण हुन्छ । *रासस*

*(लेखक काठमाडौं बर्नहार्ट स्कूल/कलेजका प्रिन्सिपल हुन्)*

## मननयोग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

## पत्र-मञ्जुषा

### रेमिट्यान्समार्फत भित्रिएको रकम कहाँ गयो ?

नेपालीहरू वैदेशिक रोजगारीका लागि विदेसिने क्रम झन्झन् बढ्दो छ । गाउँदेखि सहरसम्म विदेसिने लहर चलेको छ । कोही बाध्यताका कारण विदेश गएका छन् त कोही देखासिकी वा लहैलहैमा लागेर । झण्डै करोडकै हाराहारीमा नेपाली युवा विदेशमा छन् । खाडीमा कमाउन गएका उनीहरूले दिनरात र घामपानी नभनी दुःख गर्छन् । र, यता आफ्ना घरपरिवारलाई पैसा पठाउँछन् ।

तर, त्यो पैसा घरपरिवारले सोच्दै नसोची जथाभावी लगानी उनीहरूको पनि रुवाबासी सुरु भएको छ । छिट्टै नाफा कमाउने आशमा विदेशबाट श्रीमान्-श्रीमती वा छोराछोरीले कमाएर पठाएको रकम घरजग्गा, गाडी र सेयरमा लगानी गरे । कोहीले सहकारी, लघुवित्तमासमेत पैसा जम्मा गरे । वित्तीय संस्था (सहकारी, लघुवित्त र फाइनान्स) हरूले बचतको २२ प्रतिशतसम्म ब्याज दिने प्रलोभन देखाए ।

त्यही लोभमा परेर मानिसहरूले सोच्दै नसोचि आफूसँग भएको वा विदेशबाट पठाइएको रकम वित्तीय संस्थामा जम्मा गरे । यता, कतिपयले मिटरब्याजमासमेत पैसा लगानी गरे । एक लाखको मासिक १० हजारदेखि ३० हजार रूपैयाँसम्म ब्याज दिन्छु भनेपछि उनीहरूले पनि पैसा दिए । त्यस्तै, घरजग्गा, गाडी र सेयर दलालीहरूले पनि विभिन्न आश्वासन वा प्रलोभन देखाएर यस क्षेत्रमा लगानी गर्न बाध्य बनाए ।

अनि सुरु भयो डुब्ने प्रक्रिया । विदेशबाट श्रीमान् वा श्रीमती, छोराछोरीले कमाएर पठाएको रकम उनीहरूलाई नै सोध्दै नसोधि घरजग्गा, गाडी र सेयरमा लगानी गरियो । दलालीहरूको लहैलहैमा लागेर आनाको एक लाख नपर्ने खेतीयोग्य जमिन ४५ लाखमा खरिद गरियो । बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयरलाई पाँच हजारसम्म हालियो त भारतमा एक लाख नपर्ने गाडी यहाँ ३० लाखमा किनियो ।

अहिले यो क्षेत्रमा गरिएको लगानी डुबेपछि कतिपयले विदेशबाट फर्किएर आत्महत्या गरेका छन् त कतिपयको घरपरिवार नै लथालिंग बनेको छ । यही कारणले कयौं श्रीमान्-श्रीमतीबीच सम्बन्धविच्छेद भएको छ त कतिपय घरपरिवार नै अलग्गिएका छन् । जीवनभर विदेशमा बसेर कमाएको रकम डुबेपछि कतिपयले सहन नसकेर आत्महत्या, हत्यासमेत गरेका छन् । अहिले हजारौं जनताको घरमा यस्तो अवस्था सिर्जना भएको छ ।

हरेकको घरमा तनाव छ । सहकारीमा बचत गरेका बचतकर्ताहरू निक्षेप डुबेपछि कहिले आन्दोलन त कहिले अनशन बस्छन् । कतिपयले त आत्महत्यासमेत गरिरहेका छन् । अहिले बैंकको अवस्था पनि सहकारीजस्तै भइसकेको छ । बजारमा सर्वसाधारण भन्छन्, 'राष्ट्र बैंकमा पैसा थुप्रियो भन्छ तर कर्जा माग्न जाँदा बैंक दिँदैन ।' बैंकमा पैसा छैन भन्यो भने बचतकर्ताले पैसा निकाल्ने त्रासमा बैंकसहित सरकार नै भ्रमको खेती गरिरहेको छ । तीन वर्षअघि सहकारीमा समस्या देखिएको थियो । सहकारीले बचतकर्ताको रकम फिर्ता गर्न नसकेको खबरहरू बाहिरिए ।

तर, राष्ट्रिय सहकारी महासंघसहित सरकारकै सम्बन्धित निकाय तथा प्रतिनिधिहरूले सहकारी ठीकठाक रहेको दाबी गरे । अहिले अधिकांश सहकारी डुबेका छन्, भागेका छन् । सहकारीका कारण बचतकर्ताहरूको रुवाबासी चलेको छ । बचत फिर्ता माग गर्दै उनीहरू दिनरात आन्दोलन गरिरहेका छन् ।

०४६ सालमा राजनीतिक परिवर्तन भयो । पञ्चायती व्यवस्था हटेर बहुदलीय व्यवस्था आएसँगै विदेश जान खुला गरियो । त्यसअघि सरकारले आफ्ना देशका नागरिकलाई अन्य देशमा काम गर्नका लागि पठाउँदैन्थ्यो । तर, बहुदलीय व्यवस्थासँगै पैसा हुने विकसित मुलुक त पैसा नहुने खाडी जाने क्रम बढ्यो । विदेश खुलेको झण्डै ३६ वर्ष भयो । यो अवधिमा करोडौं नेपाली जनता विदेश गएका छन् ।

अहिले पनि मासिक लाखौं नेपाली युवाहरू विदेश गइरहेका छन् । नेपालीहरूले विदेशमा रगत पसिना बगाउँछन् अनि यहाँ पैसा पठाउँछन् । सरकार यति रेमिटयान्स भित्रियो भन्छ अनि त्यो पैसाले पनि सरकारी कर्मचारी र नेताहरू मोजमस्ती गरिरहेका छन् । पञ्चायती व्यवस्थामा सरकारमाथि कुनै पनि विदेशी ऋणको बोझ थिएन । अहिले विदेशी ऋण नेपाल सरकारले २७ खर्ब लिइसक्यो । प्रत्येक नेपालीको टाउकोमा लाखौं रूपैयाँ विदेशी ऋण छ । गम्भीर कुरा त के छ भने विदेशमा कमाएर नेपालीले यहाँ पठाएको रकम कहाँ गयो ? यो जटिल प्रश्न बनेको छ । जनतालाई जवाफ देऊ सरकार !

***–श्रीकृष्ण राई***
***एकान्तकुना, ललितपुर***

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ताल गाउँ** | हिमाल पारिको जिल्ला मनाङको नासोँ गाउँपालिका-१ मा अवस्थित ताल गाउँ । मर्स्याङ्दी नदीको किनारमा रहेको सो गाउँले पर्यटकीय आकर्षण थपेको छ । *तस्विरः रामबहादुर थापा/रासस*

# लागुऔषधको 'ट्राञ्जिट' बन्दै झापा

■ **दीपक चन्द**

**भद्रपुर (झापा)**– झापाको हल्दीबारी गाउँपालिका-१ का मनिष गुरुङलाई आजभन्दा आठ वर्ष पहिले धूमपानको स्वाद कस्तो हुन्छ भन्नेसम्म थाहा थिएन । उनको घरमा धूमपान सेवन गर्ने कोही नभए पनि घरबाहिर विद्यालय छरछिमेकमा अरूले खाएको देख्थे । आफूभन्दा एक-दुई वर्षमाथिका साथीभाइहरूले चुरोट तानेको देख्दा उनलाई पनि चुरोटको स्वाद लिने मन लग्न थाल्यो । सुरुमा चुरोट खाने हिम्मत आइरहेको थिएन, जसोतसो हिम्मत जुटाएर बाँसको झारीमा गएर चुरोट तानेपछि उनको आत्मविश्वास बढ्यो । त्यसपछि साथीभाइसँग दैनिकरूपमा चुरोट सेवन गर्न थाले ।

कक्षा ८ मा पढ्दै गर्दा धूमपानमा बिस्तारै लत बस्दै गएको थियो यतिकैमा विद्यालयमा आफूभन्दा माथिल्लो कक्षामा पढ्ने दाइहरूसँग उनको संगत भयो र उनीहरूको कुरा सुन्दा गाँजामा नै संसार छ जस्तो गुरुङलाई लाग्न थाल्यो । सानै उमेरदेखि गीतसंगीतमा रुचि भएका गुरुङलाई पश्चिमा गीतसंगीतमा गाँजालाई प्रोत्साहन गरेको देखेपछि त्यहीँबाट प्रभावित भएर गाँजा सेवन गर्ने मनसाय बनाए । सुरुमा गाँजा सेवन गर्दा त्यसको नशाले टाउको दुख्ने, वान्ता आउने, डर लाग्ने, मनमा नकारात्मक ख्यालहरू आउने भएको थियो । पहिलोचोटि गाँजा सेवन गरेपछि अबदेखि कहिल्यै खाँदिन भन्ने उनको मनमा लागेको थियो तर उनी एकदमै नराम्रो संगतमा फसिसकेका थिए । साथीभाइहरूले पहिलोचोटि खाँदा यस्तै हुन्छ बिस्तारै ठीक हुँदै जान्छ भनेर फकाएपछि यसको पेसेवर सेवनकर्ता हुनपुगे ।

गाँजाको निरन्तर प्रयोग गर्न थालेको केही समयपछि यसको बिस्तारै कम असर पर्न थाल्यो । त्यसपछि गुरुङ बिस्तारै डाक्टरको सिफारिसमा मात्रै प्रयोग गर्न मिल्ने नार्कोटिक ट्याबलेटहरू गाँजामा मिलाएर खान थाले । विभिन्न औषधि पसलहरूमा खुलारूपमा बिक्री हुने भएकाले त्यस्ता औषधिहरूको गलत तरिकाले प्रयोग गर्नपुगे । गाँजा र औषधि (ट्याब्लेट) सँगै सेवन गर्न थालेपछि बिस्तारै शरीर दुख्ने, निद्रा नलाग्ने, बोल्न मन नलाग्ने, जतिबेला पनि रिस उठ्ने अवस्था आयो । पढाइमा अब्बल नै थिए, कक्षामा सधैं पहिलो वा दोस्रो हुने विद्यार्थी उनी कक्षा ९ मा पुगेपछि अनुत्तीर्ण हुने अवस्था आयो । गाँजा र ट्याब्लेट खाने खर्चको जोहो गर्न घरपरिवारमा ठग्ने, चोरी गर्ने, गरगहना बेच्ने, कुनै कामका लागि दिएको रकम गाँजामै खर्च गर्न थाले । घरमा पनि आमाबुबाले विश्वास गर्ने गरेकाले उनीहरूलाई छलेर यस्तो काम गर्न बाध्य थिए गुरुङ ।

गाँजा र ट्याब्लेट निरन्तर प्रयोग गर्न थालेको केही समयपछि एकजना खैरो हिरोइन प्रयोगकर्तासँग उनको सम्बन्ध हुनपुग्यो । उनलाई केही समय लगातार सित्तैमा खुवाएपछि खैरो हिरोइनको पनि लत बस्यो । निम्न मध्यम वर्गको परिवारको भएकाले गुरुङलाई लागुपदार्थ किन्न रकम जोहो गर्न समस्या पर्न थाल्यो । घरमा पनि बिस्तारै उनको कुलतका बारेमा थाहा भयो । त्यसपछि लागुऔषध दुव्यर्सनीको रोकथाममा काम गरिरहेको पुनःजीवन पुनःस्थापना केन्द्रमा आफैं आए र तीन महिनाको उपचारपछि बिस्तारै अहिले उनी लागुपदार्थ सेवनबाट छुटकारा दिलाउन सफल हुँदै छन् । अहिले उनी चुरोट पनि सेवन गर्दैनन् । स्नातक दोस्रो वर्षमा अध्ययन गरिरहेका गुरुङलाई पढाइ सकेपछि लागुऔषध नियन्त्रण र रोकथामकै क्षेत्रमा काम गर्ने इच्छा जागेको छ ।

झापा जिल्लाको विभिन्न क्षेत्रमा बसोबास गर्ने युवाहरू लागुपदार्थको सेवनमा कसरी फसिरहेका छन् र उनीजस्तै विभिन्न पुनःस्थापना केन्द्रमा उपचार गराउन आउने युवाहरूको यस्तै कथाव्यथा छन् । लागुऔषध नियन्त्रण ब्युरोका अधिकारीहरूका अनुसार झापा जिल्ला लागुपदार्थको दुर्व्यसनी तथा कारोबारीहरूको मुख्य गन्तव्यस्थल बन्दै गएको छ ।

झापामा लागुऔषधका दुर्व्यसनीहरूको संख्या छ हजार ५०० भन्दा माथि छ, जुन काठमाडौंपछि दोस्रो बढी भएको लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाका प्रहरी नायब निरीक्षक सोमेस लामिछाने बताउँछन् । उनका अनुसार झापा जिल्ला भारतसँग १४४.२ किलोमिटर खुला सिमाना भएका कारण पनि लागुऔषधको कारोबारको ग्राफ बर्सेनि बढ्दो क्रममा छ ।

> खुला सीमाको फाइदा उठाउँदै झापाका विभिन्न ठाउँबाट नेपाल भित्र्याइँदै गरेका लागुपदार्थसहित मान्छे पक्राउ पर्ने क्रम दिनहुँजस्तो छ । जिल्ला प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणमा लागुपदार्थ सेवनकर्ता तथा कारोबारी प्रायः दिनहुँ पक्राउ पर्ने गरेका छन् । चालु आर्थिक वर्षको ११ महिनामा ४०९ जना लागुपदार्थको सेवन तथा कारोबार गर्दै गर्दाको अवस्थामा पक्राउ परेका छन् । उनीहरूको साथबाट २.०८५ किलोग्राम खैरो हिरोइन र २८.६ किलोग्राम गाँजा बरामद गरिएको छ ।

## पक्राउ पर्नेको संख्यामा वृद्धि

खुला सीमाको फाइदा उठाउँदै झापाका विभिन्न ठाउँबाट नेपाल भित्र्याइँदै गरेका लागुपदार्थसहित मान्छे पक्राउ पर्ने क्रम दिनहुँजस्तो छ । जिल्ला प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणमा लागुपदार्थ सेवनकर्ता तथा कारोबारी प्रायः दिनहुँ पक्राउ पर्ने गरेका छन् । प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा ४०९ जना लागुपदार्थको सेवन तथा कारोबार गर्दै गर्दाको अवस्थामा पक्राउ परेका छन् । उनीहरूको साथबाट २.०८५ किलोग्राम खैरो हिरोइन र २८.६ किलोग्राम गाँजा बरामद गरिएको प्रनाउ चन्दले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गत आवमा ३३६ जना लागुपदार्थको सेवनकर्ता तथा कारोबारी पक्राउ परेका थिए । जुन संख्या चालु आवको ११ महिनासम्म पुग्दा २१.७२ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, उनीहरूसँग पक्राउ परेको गाँजा तथा खैरो हिरोइनको परिणाम पनि गत आवको भन्दा दोब्बर भएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा अधिकांश १६ देखि २५ वर्ष उमेर समूहका रहेको प्रहरीले जनाएको छ । लागुऔषध सेवन तथा ओसार पसार गर्ने मानिसहरूबारे नियाल्ने हो भने झापाबाहेकका जिल्लाका व्यक्तिहरूसमेत सक्रिय रहेको प्रनाउ चन्दले बताए । झापा जिल्ला लागुऔषध कारोबारका लागि ट्राञ्जिट बन्दै गएको अवस्था रहेको उनको भनाइ छ ।

लागुऔषधको अधिकांश प्रयोगकर्ता अभिभावक (बाबुआमा) विहीन र अभिभावक छुट्टिएर बसेका बालबालिका रहेको लागुऔषधको क्षेत्रमा अध्ययन-अनुसन्धान गरिरहेकी उपप्रध्यापक सावित्रा दाहाल बताउँछिन् । उनका अनुसार त्यस्ता बालबालिकाले उचित अभिभावकत्व नपाउँदा गलत संगतमा फस्दै गएका छन् । दाहालका अनुसार विद्यालयमा पढ्ने उमेर समूहका बालबालिका साथीसंगतको लहैलहै र विभिन्न प्रलोभनमा परी धूमपानको लतमा फस्ने गरेको र बिस्तारै उक्त लत नै लागुपदार्थ सेवनसम्म पुग्ने गरेको छ ।

सीमाक्षेत्रका विद्यालयहरू लागुऔषधको प्रमुख जोखिममा रहेको लागुऔषध नियन्त्रणको क्षेत्रमा काम गर्दै आएका राजु गिरी बताउँछन् । उनका अनुसार कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिकस्थलबाट कम्तीमा १०० मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाउने छैन भनी सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा व्यवस्था गरिएको छ ।

नेपालको सीमासित जोडिएका भारतीय बजारहरूमा लागुपदार्थ सहजै उपलब्ध हुँदा नेपालतिर यसको कारोबार बढेको लागुपदार्थ प्रयोगकर्ता नै बताउने गरेका छन् । पुनर्जन्म पुनःस्थापना केन्द्रमा उपचार गराइरहेका लागुऔषध प्रयोगकर्ता मनिष गुरुङका अनुसार भारतीय सीमावर्ती बजारका पान पसल, चिया पसल जहाँ पनि लागुपदार्थ सहजै रूपमा पाइने गरेको छ ।

गुरुङका अनुसार भारतीय बजारमा एक ग्राम खैरो हिरोइनको नेपाली मूल्य दुई हजार ५०० देखि तीन हजार रूपैयाँ पर्दछ । उक्त एक ग्राम खैरो हिरोइन नेपाल भारत सीमा कटाई झापा जिल्लासम्म पुर्‍याउँदा छ हजारदेखि सात हजार नेपाली रूपैयाँ पर्न जान्छ । यसैगरी, एक ग्राम खैरो हिरोइन काठमाडौंलगायत सहरमा पुर्‍याउन सके १३ देखि १४ हजार रूपैयाँमा किनबेच हुने गरेको गुरुङ बताउँछन् । खैरो हिरोइन सम्बन्धमा भारतमा फितलो कानुन रहेकाले सहजरूपमा नै सीमावर्ती भारतीय बजारहरूमा लागुऔषध उपलब्ध हुँदा नेपालतर्फ कारोबार बढेको लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाका प्रनानि लामिछाने बताउँछन् ।

## पुनःस्थापना केन्द्र थपिँदै

एक दशकअगाडि न्यून संख्यामा पुनःस्थापना केन्द्र रहेको झापामा पछिल्लो समय लागुऔषध दुर्व्यसनीहरूको संख्यामा वृद्धि भएसँगै पुनःस्थापना केन्द्रहरूको संख्या बढेको पुनर्जन्म समूह नेपालका सञ्चालक राजु गिरीले जानकारी दिए । उनका अनुसार हाल झापा जिल्लाभर २६ पुरुष र तीनजना महिला लागुपदार्थका दुर्व्यसनीका लागि खोलिएका पुनःस्थापना केन्द्रहरू रहेका छन् । ती केन्द्रहरूमा लागुऔषध दुर्व्यसनीहरूको तीन महिनाको प्याकेजमा उपचार हुने गरेको छ भने ९५० देखि एक हजार लागुपदार्थ दुर्व्यसनीले विभिन्न किसिमका परामर्शका साथै थेरापी लिने गरेको उनले जानकारी दिए ।

हाल झापाका १५ वटा स्थनीय तहमा पुनःस्थापना केन्द्र खोलिएका छन् । पुनःस्थापना केन्द्रमा उपचार गराउने दुर्व्यसनीहरूमध्ये १५ देखि २० प्रतिशतमा पूर्णरूपमा सुधार भएको लागुपदार्थ दुर्व्यसनको क्षेत्रमा काम गर्ने संस्थामा काम गर्ने सरोज श्रेष्ठ बताउँछन् । उनका अनुसार हाल जिल्लामा लागुऔषधको दुर्व्यसनबाट पुनःस्थापितको संख्या एक हजार ८०० देखि दुई हजारसम्म रहेको छ ।

## अबको बाटो

जसरी लागुपदार्थको प्रयोग र कारोबार बढ्दै गएको छ त्यसअनुसार नियन्त्रणका लागि जनशक्ति अभाव रहेको लागुऔषध नियन्त्रण ब्युरोका प्रहरी नायब निरीक्षक लामिछानेले बताए । 'हामीसँग पर्याप्त दक्ष जनशक्ति र लागुऔषधको मुद्दा चलाउने छुट्टै युनिट छैन । सातजनाको समूहले साबिक मेची अञ्चलका चारवटा जिल्ला हेर्नुपरेको छ,' उनले भने । लागुऔषध नियन्त्रण तथा रोकथाम गर्न दुर्व्यसनीको पहिचान गरी उनीहरूका लागि सचेतनामूलक कार्यक्रम गर्नाका साथै पुनःस्थापना केन्द्रमा राखी उपचार गराउनेजस्ता क्रियाकलाप गर्नुपर्ने स्थानीय समाजसेवी निर्मल पोखरेल बताउँछन् ।

सीमावर्ती भारतीय बजारमा खुलेआम लागुपदार्थको कारोबार हुने गरेकाले त्यहाँको प्रशासनसँग आवश्यक समन्वय गरेर त्यसको आयातमा नियन्त्रण गर्नुपर्ने उनको सुझाव छ । झापाका स्थानीय तहहरूले लागुऔषध नियन्त्रणका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था तथा विज्ञहरूसँग समन्वय गरी योजना बनाई यथाशीघ्र लाग्नुपर्ने सरोकारवालाहरूको धारणा रहेको छ । *रासस*


**कमला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तोपगाछी, झापा
कोसी प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**

**डेंगु (Dengue Fever) रोग सम्बन्धि जानकारी**

डेंगु रोग लामखुट्टेको टोकाईको कारणले सर्ने एक सरूवा रोग हो । यो रोग (Dengue Fever) डेंगु रोग लागेको मानिसबाट अर्को मानिसमा लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ । रोग सार्ने लामखुट्टे यस क्षेत्रमा रहेको हुँदा हामी सबै जोखिममा छौं । भाईरसबाट हुने यस रोगको हालसम्म खोप तथा खास उपचार छैन । एडिस एजिप्टाई र एडिज आल्बोपिक्टस नामको लामखुट्टेको टोकाईले डेंगु रोग सर्दछ ।

**रोग लागे पछि देखिने चिन्ह र लक्षणहरु**

- जाडो हुँदै उच्च ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा हाडहरु बेस्सरी दुख्ने ।
- रोग लागेको केही समय पछि छाला मुनी रगत जमेको धब्बाहरु देखा पर्ने ।
- रोगको जटिलता हुँदै गएपछि नाक गिजा वा शरीरका अन्य अंगहरुबाट रगत बग्ने ।
- ज्वरो आएको केही समयपछि प्रशस्त पसिना आउने र रक्तचाप घट्ने ।

**डेंगु रोगको उपचार**

- डेंगु गराउने भाईरसको विरूद्ध उपचार नभएको र खोपको पनि विकास भई नसकेकोले समयमै अस्पतालमा उपचारका लागि जानु पर्छ ।
- आफु खुसी अथवा चिकित्सको सल्लाह बिना ब्रुफेन एस्प्रीन जस्ता दुखाई कम गर्ने औषधीहरु कदापि खानु हुँदैन्र

**डेंगु रोगबाट बच्ने उपायहरु**

- लामखुट्टेको टोकाईबाट बच्ने नै यस रोगबाट बच्ने उत्तम उपाय हो ।
- यो रोग सार्ने लामखुट्टेले दिउँसोको समयमा टोक्ने भएकाले अनावश्यक रुपमा बाहिर ननिस्कौं ।
- बाहिर निस्कनु परेमा पुरा जिउ ढाक्ने लुगा लगाएर मात्र निस्कौं ।
- लामखुट्टेले गाडीको पुरानो टायर भित्र जमेको पानी, खुल्ला टंकी, कुलर भित्र जमेको पानी, गमलाको पानी, टुटे फुटेको गाग्री, सिसा, खेर फालेका प्लाष्टिक, टिनका बट्टा आदिमा जमेको पानीमा फुल पार्ने हुँदा उक्त पानीको भाडोहरुलाई घोप्टाई सुख्खा पार्ने ।
- बगैंचा, करेसाबारी, घरको छत आदिमा रहेका डिब्बा, भाडा, टायर, बोतल आदिमा जम्मा भएको पानी सुख्खा गराउनु रोगबाट बच्ने अति प्रभावकारी उपाय हो ।
- तसर्थ लामखुट्टेको बासस्थान खोज र नस्ट गर्ने अभियान यो रोगको रोकथाम गर्ने उत्तम विकल्प हो ।



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL HAMAD BLDG CONT.CO.LLC

पुर्व स्वीकृति मिति २०८०/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१३ | LT No : 299407 | चलानी नं ६०२१४३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 7 | 0 | 1200 | ४३,६३५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 30 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 3 | Building Labourer | 36 | 0 | 900 | ३२,७२५ | | | | | | | |
| 4 | Electrician | 23 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 5 | Plumber | 47 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 6 | Steel Fixer | 27 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 7 | Stone Mason | 30 | 0 | 1200 | ४३,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AHMED ZAID GENERAL TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मितिः २०८१/03/१३ | LT. No. 306849 | चलानी नं. ६०२२१६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor Outdoor | 17 | 0 | 95 | ४१,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २३ गते (7th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०२९/०६८/०६९

Aadarsha Human Resources Pvt. Ltd
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: 01-5914402
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FAHD BIN AWAD BIN SWEILEH AL OTAIBI ARCHITECTURAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305195 | चलानी नं. ६०२२१६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 0 | 1200 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HEJAZ WINDOWS TRADING EST.

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | LT. No. 305799 | चलानी नं. ६०२२१६१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 1 | 0 | 1200 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २१ गते (5th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# प्रभाव दैनिक

शुक्रबार १४, असार २०८१ (Friday, June 28, 2024)





### अनमोलको 'जेरीः अन टप'मा भित्रिइन् जसिता

सुयोग गुरूङको निर्देशनमा बन्न लागेको फिल्म हो 'जेरीः अन टप' । फिल्मको मुख्य अभिनेत्रीको रूपमा जसिता गुरूङ भित्रिएकी छिन् । निर्माण टिमले जसितासँग सम्झौता गर्दै फिल्ममा भित्र्याएको हो । टिम र आ[illegible]नो भूमिका राम्रो भएकोले फिल्ममा आफू जोडिएको जसिता बताउँछिन् । यसअघि फिल्ममा अभिनेता अनमोल केसी, आँचल शर्मा, आना शर्माले पनि काम गर्ने पक्कापक्की भएको थियो । जसिता भित्रिएसँगै फिल्ममा आना बाहिरिएको चर्चा छ । आना बाहिरिएको हो वा फिल्ममा छिन् निर्माण पक्षले केही बताएको छैन । फिल्मको छायांकन काठमाडौं, मुस्ताङ, लुक्ला लगायतका स्थानमा हुनेछ ।



# ट्रेलरमा यस्तो देखियो दयाहाङको 'घरज्वाइँ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** असार २८ गतेदेखि सार्वजनिक प्रदर्शनको तयारीमा रहेको फिल्म 'घरज्वाइँ'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक ट्रेलरमा एक युवाले बिहेको लागि गर्ने संघर्षको कथा देखाउन खोजिएको छ । ट्रेलरले दर्शकलाई फिल्मप्रति कौतुहलता जगाउन सफल देखिन्छ ।

फिल्मको निर्देशक अनिल बुढामगरले गरेका हुन् । मगर समुदायको संस्कार तथा संस्कृतिमा आधारित फिल्मबाट विश्वभर छरिएका नेपालीलाई मगर समुदायमा प्रचलित 'घरज्वाइँ' प्रथाको बारेमा जान्ने र बुझ्ने अवसर दिने निर्माता जनक घर्तीमगरले बताए ।

जिएम मूभीज र एबीएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्म पूर्वी रुकुम आसपासमा छायांकन भएको हो । निर्देशक अनिलकै कथा रहेको फिल्ममा निर्देशकलाई पटकथा तथा संवाद लेखनमा विनोद खतिवडा र सुभाष कोइराला साथ दिएका छन् ।

फिल्ममा दयाहाङ राई, मिरुना मगर, बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आले, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढामगर, सुनिल मगर लगायतको अभिनय छ । फिल्म आरआर फिल्मसले वितरण गर्न लागेको हो ।

# दुई दिने 'मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' सम्पन्न

■ प्रभाव संवाददाता



**जनकपुरधाम–** मैथिली भाषामा निर्माण गरिएका फिल्महरूलाई लक्षित गर्दै पहिलोपटक जनकपुरधाममा दुई दिने 'मैथिली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' आयोजना गरिएको छ । असार ११ र १२ गते जनकपुरस्थित गिरिजा हलमा चलेको महोत्सवलाई जनकपुरधाम उपमहानगरपालिका तथा लोक सञ्चार जनकपुरधामद्वारा संयुक्त रूपमा आयोजना गरिएको हो । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले महोत्सवले गर्दै मैथिली भाषा, साहित्य तथा संस्कृतिको विकासमा टेवा पुऱ्याउने बताए ।

'मैथिली भाषामा फिल्म निर्माण हुनु गौरवको विषय हो । नवीनतम सोच भएका युवाहरूको उपस्थिती बढेसँगै आउँदो समयमा अन्य भाषा झैं मैथिली फिल्मले फड्को मार्नेमा विश्वस्त छु । यो महोत्सवले मैथिली फिल्म बनाउन प्रेरित गर्नुका साथै मन्थन गर्ने अवसर दिएको छ', मुख्यमन्त्री सिंहले भने ।

दुई दिन चलेको महोत्सवमा प्रवर्द्धकको रूपमा नेपाल पर्यटन बोर्ड (काठमाडौं), चलचित्र विकास बोर्ड (काठमाडौं) जोडिएको कार्यक्रममा सहभागी अभिनेता तथा निर्देशक् नीर शाहले विविधता बीचको एकतालाई मजबुत बनाउनुका साथै राष्ट्रिय एकतालाई बलियो बनाउन अन्तर संस्कृतिका विषय फिल्ममा आउनु पर्ने बताए ।

'हामी कहाँ कथा कुनै कमि छैन । सांस्कृतिक विविधताले हामीलाई धेरै विषय दिएको छ । त्यसकारण हामीले त्यस्ता विषयसँग जोडिएको कथालाई अगाडि ल्याउन सक्नुपर्छ । त्यसैले हामी अन्तर सांस्कृतिक हुनुपर्छ', अभिनेता शाहले भने । महोत्सवका निर्देशक रमेश रञ्जन झाले फेस्टिभलका कारण मिथिलाञ्चल क्षेत्रसँगै मैथिली भाषामा काम गरिरहेका प्रसिद्ध कलाकार, लेखक, गायक तथा निर्देशक एउटा प्लेटफर्मको निर्माण भएको बताए ।

'मैथिली भाषाका फिल्म र फिल्मकर्मीलाई आफ्नो काम मुल्यांकन गर्ने र छलफल गर्ने एउटा प्लेटफर्म तयार भएको छ । मैथिली भाषालाई लक्षित गर्दै नेपाल मात्र नभई भारतमा समेत फिल्म फेस्टिभल भएका छैनन् । हामी यो भाषामा काम गरिरहेकालाई प्रोत्साहन गर्न चाहन्छौं', निर्देशक झाले भने ।

महोत्सवमा वृत्तचित्रतर्फ 'गुमकी' र 'विदापत' तथा लघुफिल्मतर्फ 'अफवाह' र 'रक्त तिलक', फिचर फिल्मतर्फ 'ललका पागु', 'लोटस ब्लूम्सु' 'समानान्तर' प्रदर्शन गरियो । यस्तै, महोत्सवमा 'मैथिली सिनेमाक निर्माण आ व्यवसाय', 'निर्देशक सँ विमर्श', 'समकालीन परिदृश्य मे मैथिली सिनेमा', 'मैथिली सिनेमाक विविध स्वरूप आ सम्भावना' शीर्षकमा अन्तरक्रिया गरिएको निर्देशक र महोत्सवका संयोजक पुर्णेन्दु के झाले जानकारी दिए ।

'पहिलो संस्करण भएकाले हामीले प्रतिस्पर्धा राखेनौं । हामीले अहिले मैथिली भाषामा काम गरिरहेकालाई भेला गर्ने काम गर्यौं । आउँदो दिनमा यसको प्रभाव देखिने नै छ । साथै महोत्सवमा भएका अन्तरक्रियाले फिल्म निर्माण गर्न प्रेरित गरेको छ । मिथिला संस्कृति र भाषालाई संरक्षण गर्न फिल्मले खेल्ने भूमिकाको विषयमा चर्चा भएको छ', निर्देशक झाले भने । महोत्सवलाई नेपोभिट टायल्सले सघाएको थियो ।



**युरोकप-२०२४**

# यी हुन् अन्तिम १६ का टिम

■ प्रभाव संवाददाता





**काठमाडौं–** युरोकप २०२४ अन्तर्गत समूहको सबै खेल सकिएसँगै अन्तिम १६ मा पुग्ने सबै टोलीको टुंगो लागेको छ । बुधबार समूह चरणका चार खेल सम्पन्न भएसँगै अन्तिमा १६ पुग्ने टोलीको तय भएको हो । समूह 'ए' बाट आयोजक जर्मनी सात अंकसहित समूह विजेता हुँदा पाँच अंक जोडेको स्वीट्जरल्यान्ड उपविजेता बन्यो । समूह 'बी' बाट स्पेन शतप्रतिशत जित ९ अंकसहित समूह विजेता बन्दा चार अंक जोडेको इटाली उपविजेता रह्यो ।

समूह 'सी' बाट पाँच अंक जोडेको इङ्ल्यान्ड समूह विजेता बन्दा तीन अंक रहेको डेनमार्क उपविजेता तथा स्लोभानिया उत्कृष्ट तेस्रो हुँदै अन्तिम १६ मा पुग्यो । समूह 'डी' बाट ६ अंकसहित अस्ट्रिया समूह विजेता हुँदा पाँच अंक जोडेको फ्रान्स उपविजेता तथा चार अंक जोडेको नेदरलयान्ड तेस्रो स्थानमा रहँदै अन्तिम १६ मा प्रवेश गऱ्यो ।

समूह 'ई' बाट रोमानिया समूह विजेता हुँदा समान चार अंक रहेको बेल्जियम दोस्रो तथा स्लोभाकिया तेस्रो स्थानमा रहँदै प्रि क्वाटरफाइलनको यात्रा तय गरे । समूह 'एफ' बाट समान ६ अंक जोडेको पोर्चुग समूह विजेता तथा टर्की उपविजेता बन्दा जर्जिया चार अंक जोड्दै समूहको शीर्ष तीनमा रहेर अन्तिम १६ मा प्रवेश गऱ्यो ।

**अन्तिम १६ मा को को भिड्ने**

अन्तिम १६ मा समूह एको विजेता जर्मनीले डेनमार्क सँग खेल्नेछ । समूह 'बी' को विजेता स्पेनले जर्जियाको सामना गर्नेछ । समूह 'सी' को विजेता इङ्ल्यान्डले स्लोभाकिया तथा, स्वीट्जरल्यान्डले इटाली, फ्रान्सले बेल्जियम, पोर्चुगलले स्लोभानिया, रोमानयिाले नेदरल्यान्डस र अस्ट्रियाले टर्कीसँग प्रतिस्पर्धा गर्नेछ । अन्तिम १६ का खेलहरू आगामी शनिबारबाट सुरु हुनेछ ।

# ई-स्पोर्ट्स च्याम्पियनसिपको तयारी पूरा

**सुर्खेत (प्रस)–** पहिलो राष्ट्रिय ई स्पोर्ट्स च्याम्पियनसिपको सम्पुर्ण तयारी पुरा भएको छ । आयोजक ई स्पोर्ट्स संघ नेपाल (ईशान)ले सुर्खेतको विरेन्द्रनगरमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गरेर प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको जनाएको हो । कर्णाली प्रदेश ई स्पोर्ट्स संघ सह-आयोजक रहेको प्रतियोगिताको अन्तिम खेल शुक्रबार र शनिबार सुर्खेतमा सञ्चालन हुदैछ ।

ईशानका सचिव आशिष दाहालले प्रतियोगिताको अन्तिम चरणमा छनोट भएका सम्पुर्ण खेलाडी सुर्खेत आईसकेको बताए । पब्जी मोबाईल, मोबाईल लेजेण्ड्स र ई फुटबल समावेश गरिएको राष्ट्रिय च्याम्पियनसिपको छनोटमा पब्जीमा १ सय ३६ टिम, मोबाईल लेजण्ड्समा ४० टिम र ई फुटबलमा १ सय ९३ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । मोबाईल लेजण्ड्स र ई फुटबलको फाइनल शुक्रबार अनलाईनमा हुनेछ भने पब्जी मोबाईलको फाईनल ल्यान ईभेन्ट शुक्रबार र शनिबार सुर्खेतमा हुने सचिव दाहालले बताए ।

कुल पुरस्कार राशी १२ लाख रहेको प्रतियोगितामा पब्जी मोबाईलमा ९ लाख, मोबाईल लेजेण्ड्समा २ लाख र ई फुटबलमा एक लाख रूपैयाँ बाँडिनेछ । यस वर्ष कर्णाली प्रदेशमा आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुदको प्रचार प्रसारलाई सहयोग पुर्याउने उद्धेश्यले पहिलो राष्ट्रिय प्रतियोगिताका लागि सुर्खेतलाई छनोट गरिएको संघका वरिष्ठ उपाध्यक्ष हिमबिक्रम केसीले बताए ।


# पूर्वाधार विकास कार्यालय

**पाँचथर, फिदिम**

**कोशी प्रदेश, नेपाल**

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।


**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



बुधबार ड्रोनबाट खिचिएको तस्बिर, जसमा मध्य चीनको हुनान प्रान्तस्थित चाङ्सामा बाढीले डुबेको नदी किनारको दृश्य देखिन्छ। लगातारको भारी वर्षाका कारण बुधबार दिउँसो चाङ्सा पानी जमेर सीमारेखाभन्दा माथि पुगेको थियो। *तस्बिरः सिन्ह्वा*

# श्रीलंकाका ऋणदाताद्वारा चीनलगायतका मुलुकसँग सम्झौताको विवरण माग



**कोलम्बो–** श्रीलंकाका करिब छ अर्ब अमेरिकी डलर बराबरको ऋणको पुनर्संरचना गर्न सहमत भएका द्विपक्षीय ऋणदाताले चीनलगायत अन्य ऋणदातासँग 'व्यवहारको तुलनात्मकता' को माग गरेका छन्। जापान, फ्रान्स र भारतको नेतृत्वमा रहेको आधिकारिक ऋणदाता समिति (ओसिसी) ले कोलम्बोको अन्य ऋण सम्झौताको विवरण माग गरेको बिहीबार एएफपीलाई प्राप्त विज्ञप्तिमा उल्लेख छ।

समूहले बुधबार पेरिसमा पाँच अर्ब ८० करोड अमेरिकी डलर बराबरको ऋण पुनर्संरचना गर्ने सहमति गरेको हो। तर सोही दिन कोलम्बोले चीनको एक्जिम बैंकसँग ४.२ अर्ब अमेरिकी डलरमा अर्को सम्झौता गरेको थियो। संयुक्त राज्य अमेरिका, क्यानडा र धेरै युरोपेली राष्ट्रहरू सम्मिलित ओसिसीले कोलम्बोलाई 'समस्याको तुलनात्मकता सुनिश्चित गर्न ओसिसीका लागि आवश्यक सबै जानकारी' प्रदान गर्न आग्रह गरेको बताएको छ। कोलम्बोले ओसिसीले प्रस्ताव गरेजस्तै 'कम्तीमा पनि अनुकूल सर्तहरूमा' निजी ऋणदाताहरूसँग सम्झौता गर्ने अपेक्षा पनि गरेको थियो।

सन् २०२२ को अप्रिलमा विदेशी मुद्राको अभाव भएपछि श्रीलंकाले आफ्नो विदेशी ऋण तिर्न सकेको थिएन र अकल्पनीय आर्थिक संकटले तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनाएको थियो। श्रीलंकाले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को २.९ अर्ब अमेरिकी डलरको बेलआउट कार्यक्रमअनुसार ऋण पुनर्संरचनालाई द्रुत गतिमा सम्पन्न गर्ने अपेक्षा गरेको थियो, तर चीनसँग सम्झौता गर्न ढिलाइ हुँदा यो प्रक्रिया रोकिएको थियो।

बेइजिङ श्रीलंकाको अहिलेसम्मकै सबैभन्दा ठूलो एकल ऋणदाता हो, तर चिनियाँ अनुदान सहुलियत द्विपक्षीय ऋण र निजी व्यावसायिक ऋणमा विभाजित छ। चिनियाँ द्विपक्षीय ऋणको ४.२ अर्ब अमेरिकी डलर बुधबार ऋण पुनर्संरचनाअन्तर्गत व्यवहार गरिएको थियो तर निजी व्यावसायिक ऋण मानिएको चाइना डेभलपमेन्ट बैंकबाट २.१८ अर्ब डलर ऋणको बारेमा कुनै जानकारी दिइएको छैन।

यस प्रक्रियामा संलग्न स्रोतका अनुसार चिनियाँ विकास बैंकको ऋणलाई १२.५५ अर्ब डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रसरह व्यवहार गरिने सम्भावना छ। मार्चको अन्त्यसम्मको सरकारी कोषको तथ्यांकअनुसार श्रीलंकाको कूल वैदेशिक ऋण ३७ अर्ब अमेरिकी डलर अनुमान गरिएको छ।

कूल १० अर्ब ५८ करोड अमेरिकी डलरमध्ये चीनले चार अर्ब ६६ करोड डलर, जापानले दुई अर्ब ३५ करोड डलर र भारतले एक अर्ब ३६ करोड डलर ऋण कोलम्बोलाई दिएका छन्। *रासस/एएफपी*

# चीनले सुरु गर्‍यो सार्वजनिक तौल व्यवस्थापन गर्न तीन वर्षे अभियान

**बेइजिङ–** राष्ट्रिय स्वास्थ्य आयोग (एनएचसी) र शिक्षा तथा नागरिक मामिला मन्त्रालयलगायत चिनियाँ अधिकारीहरूले जनताको तौल व्यवस्थापन वृद्धि गर्ने तीन वर्षे अभियान सुरु गर्ने दस्तावेज जारी गरेका छन्। बुधबार एनएचसीको वेबसाइटमा प्रकाशित १६ चिनियाँ विभाग र संगठनहरूद्वारा संयुक्तरूपमा जारी गरिएको दस्तावेजअनुसार यस वर्षदेखि चीनमा वजन व्यवस्थापनका लागि सहयोगी वातावरण बनाउन विभिन्न उपाय लिइने छ। तौल व्यवस्थापनमा जनताको चेतना र प्रविधिमा उल्लेख्य सुधार भएको छ र आगामी तीन वर्षमा स्वस्थ जीवनशैलीलाई अझ व्यापकरूपमा अपनाइने छ।

यस अवधिमा केही समूहका मानिसको असामान्य तौलको अवस्थामा सुधार गर्न आवश्यक रहेको पनि दस्तावेजमा उल्लेख छ। दस्तावेजले रोजगारदाताहरूलाई आफ्ना कर्मचारीहरूको शारीरिक तन्दुरुस्तीका लागि पूर्वाधार र अन्य सुविधा प्रदान गर्न प्रोत्साहित गर्न प्रयास गर्न आग्रह गरेको छ।

क्याम्पसमा बढी नुन, चिनी र बोसोयुक्त खानेकुराको बिक्री नगरी स्वस्थ क्यान्टिन र रेस्टुरेन्टको निर्माणलाई प्रवर्द्धन गर्नुपर्ने तथा विद्यार्थीको शारीरिक तन्दुरुस्ती सुधार गर्ने कार्ययोजनालगायतका उपायहरू ल्याइने दस्तावेजमा उल्लेख छ। दस्तावेजले अभियानमा परम्परागत चिनियाँ औषधिको प्रयोगमा पनि जोड दिएको छ।

प्रशोधित खाद्य पदार्थहरूमा तेल, नुन र चिनीको मात्रालाई उचित रूपमा घटाएर पोषण तत्त्वमा बढी ध्यान केन्द्रित गर्न खाद्य प्रशोधन प्रविधिहरू परिवर्तन गर्न द्रुत प्रयाससहित स्वस्थ उपभोगको नयाँ अवधारणाको वकालत गर्नुपर्नेमा दस्तावेजले जोड दिएको छ।

यसका लागि जनता, विशेषगरी गर्भवती, शिशु, बालबालिका र युवा विद्यार्थी, वृद्धवृद्धा र निश्चित पेसामा काम गर्ने व्यक्तिजस्ता समूहहरूमा तौल व्यवस्थापनमा बढी परिशुद्धता चाहिन्छ। तौलको स्तर मानिसहरूको स्वास्थ्यसँग नजिक रहेको मानिने र असामान्य तौल, विशेषगरी अधिक तौल र मोटोपना, हृदयरोग, मधुमेह र केही प्रकारको क्यान्सरजस्ता दीर्घकालीन रोगहरूका लागि एक प्रमुख जोखिम कारक हो।

'तौल व्यवस्थापनको एउटा प्रमुख उद्देश्य स्रोतमा यी रोगहरूलाई रोक्नु र नियन्त्रण गर्नु हो र रोगहरूको उपचार गर्नुको सट्टा मानिसहरूको स्वास्थ्य कायम राख्नमा बढी ध्यान केन्द्रित गर्नु हो,' एनएचसीको विज्ञप्तिमा भनिएको छ। यद्यपि दस्तावेजले कम तौल भएका र कुपोषण भएका व्यक्तिहरूलाई पनि तौल व्यवस्थापन प्रयासमा समावेश गरिनुपर्ने कुरा उल्लेख गरेको छ। *रासस/सिन्ह्वा*

# भारतीय धार्मिक स्वतन्त्रताको अवस्थाप्रति अमेरिकी आयोगको चासो




**वासिङ्टन डिसी–** भारतले विगतमा कडा आलोचना गरेको संस्था अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी आयोग (युएससिआइआरएफ) ले घृणापूर्ण भाषण, विध्वंस र धर्मान्तरण विरोधी कानुनमा भएको कथित वृद्धिलाई उद्धृत गर्दै भारतको धार्मिक स्वतन्त्रताप्रति चासो व्यक्त गरेको छ।

आयोगले विश्वभरका धार्मिक स्वतन्त्रताको वार्षिक सर्वेक्षण प्रतिवेदन तयार गर्दछ र लगभग २०० देश र क्षेत्रहरूमा तथ्यमा आधारित धार्मिक स्वतन्त्रताको अवस्थाबारे जानकारी प्रदान गर्ने लक्ष्य राख्छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो तेस्रो कार्यकाल सुरु गरेको केही हप्तापछि आयोगले यो भनाइ सार्वजनिक गरेको हो। यसअघि मे महिनामा सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई भेदभावपूर्ण राष्ट्रवादी नीतिहरूलाई बलियो बनाएको आरोप लगाएको भन्दै युएससिआइआरएफको यस्तै प्रतिवेदनलाई भारतले अस्वीकार गरेको थियो।

'युएससिआइआरएफ राजनीतिक एजेण्डा भएको पक्षपाती संगठनका रूपमा चिनिन्छ। उनीहरूले वार्षिक प्रतिवेदनको भागको रूपमा भारतको भेषमा आफ्नो प्रचार जारी राख्छन्,' भारतीय विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयस्वालले पत्रकार सम्मेलनमा भने। 'भारतमा हामीले धर्मान्तरणविरोधी कानुन, घृणापूर्ण भाषण, अल्पसंख्यक धार्मिक समुदायका सदस्यहरूका लागि चिन्ताजनक अवस्था देख्यौं,' अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिन्केनले सोमबार वासिङ्टनमा एक कार्यक्रममा भने। अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रताका लागि अमेरिकी राजदूत रसद हुसेनले पनि भारतको अवस्थाबारे चिन्ता व्यक्त गरेका छन्।

'भारतमा इसाई समुदायहरूले स्थानीय प्रहरीले धर्मान्तरण गतिविधिको आरोपमा पूजाआजा अवरुद्ध गर्ने समुदायलाई सहयोग गरेको र आक्रमण गर्दा धर्मान्तरणको आरोपमा पीडितहरूलाई पक्राउ गरेको विवरण आउनु चिन्ताजनक विषय हो,' राजदूत हुसेनले भने।

युएससिआइआरएफले सन् २०२३ मा मुस्लिम, इसाई, शिख, दलित, यहुदी र आदिवासीलाई असर गर्ने साम्प्रदायिक हिंसालाई सम्बोधन गर्न भारत सरकार चुकेको आरोप लगाएको थियो। प्रतिवेदनको विस्तृत खण्डमा कथित भारतमा धार्मिक अल्पसंख्यकविरुद्ध लक्षित आक्रमण पनि उल्लेख गरिएको छ। प्रतिवेदनले भारतको धार्मिक स्वतन्त्रताको अवस्थामा धेरै चिन्ता व्यक्त गरेको छ। यसले धेरै राज्यहरूमा धार्मिक रूपान्तरण कानुनीरूपमा निषेधित गरिएको, धार्मिक अल्पसंख्यकहरूलाई नियमितरूपमा आक्रमण गरिने र मुस्लिमहरूले प्रणालीगत भेदभावको सामना गर्नुपरेको आरोप लगाएको छ। *रासस/एएनआई*

# चिनियाँ उद्योगलाई पाकिस्तानमा स्थानान्तरणको स्वीकृति



**इस्लामाबाद, पाकिस्तान–** पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले चिनियाँ उद्योगलाई पाकिस्तानमा हस्तान्तरण गर्ने सम्बन्धमा चिनियाँ र पाकिस्तानी कम्पनीबीचको संयुक्त उद्यम परियोजनालाई स्वीकृति प्रदान गरेका छन्। लगानी मामिला बोर्डको महत्त्वपूर्ण बैठकको अध्यक्षता गर्दै सरिफले आन्तरिक तथा विदेशी लगानी प्रवर्द्धन सरकारको सर्वोच्च प्राथमिकता रहेको बताए।

सरकारले व्यापारी तथा लगानीकर्तालाई व्यापार अनुकूल वातावरण प्रदान गर्न सबै सम्भव उपायहरू गरिरहेको उनको भनाइ छ। सरिफले विशेष आर्थिक क्षेत्र (सेज) मा संयुक्त उद्यम परियोजना स्थापना गर्न इच्छुक चिनियाँ र अन्य लगानीकतालाई सुविधा प्रदान गर्न विशेष आर्थिक क्षेत्रमा वान-स्टप-शपका लागि मस्यौदा कानुनको समीक्षा गर्न पनि निर्देशन दिएका छन्।

चिनियाँ उद्योगहरू जस्तै कपडा, छाला, जुत्ता र अन्यलाई पाकिस्तानमा स्थानान्तरण गर्ने महत्त्वपूर्ण सम्भावना रहेको, प्रधानमन्त्री सरिफले पहलको महत्त्वमाथि प्रकाश पार्दै बताए। बैठकमा लगानी बोर्डका सचिवले चिनियाँ उद्योगलाई पाकिस्तानमा स्थानान्तरण गर्ने सम्बन्धमा चालिएको कदमबारे विस्तृत जानकारी दिएका थिए। *रासस/सिन्ह्वा*

# जापानमा 'वास्तविक छाला' जस्तै देखिने आवरणसहितको रोबोट निर्माण



**टोकियो–** जापानी वैज्ञानिकले मानव कोषहरूको प्रयोग गरेर जीवित छालाजस्तै देखिने आवरणसहितको रोबोटको विकास गरेका छन्। सेल रिपोर्ट्स फिजिकल साइन्स जर्नलमा प्रकाशित विवरणमा जापानी वैज्ञानिकले भनेका छन्, 'उनीहरूले 'जीवित छालाकोजस्तो आवरणसहितको रोबोट' बनाउन 'छाला बनाउने कोषले भरिएको जेल' प्रयोग गरेका थिए।

बायोहाइब्रिड रोबोट विशेषज्ञले यो प्रविधिले एक दिन एन्ड्रोइडको आविष्कारमा मानवजस्तो उपस्थिति र क्षमताको साथ भूमिका खेल्ने आशा गरेका छन्। 'हामीलाई आशा छ, जीवित प्रणाली र संयन्त्रहरूको वैज्ञानिक अध्ययन (फिजियोलोजी) ले मुजाको बनावट र अनुहारको हाउभाउबारे जानकारी दिन मद्दत गर्ने छ,' प्राध्यापक शोजी टेकुचीको नेतृत्वको टोलीले भनेको छ।

प्रायः सिलिकन रबरबाट बनेको वास्तविकजस्तो देखिने छालाले ढाकेको नयाँ सामग्रीले परम्परागत 'हयुमनोइड रोबोट' भन्दा एक कदम अगाडिको विकासको संकेत दिन सक्छ तर यसले पसिना वा आफैलाई निको पार्न सक्दैन। वैज्ञानिकहरूको लक्ष्य 'जैविक छालामा निहित आत्म-उपचार क्षमतासहितको रोबोटको निर्माण गर्नु हो' तर उनीहरू अझै त्यहाँ पुगिसकेका छैनन्।

यसअघिका अध्ययनहरूमा उनीहरूले प्रयोगशालामा हुर्केको छालाको कटमा कोलेजनलाई रोबोटिक औंलाले ढाकेर यसलाई कसरी मर्मत गर्न सकिन्छ भनेर अध्ययन गरी यसको नतिजा बाहिर ल्याएका थिए। तरल पदार्थको रूपमा सर्ने 'प्राकृतिक मुस्कान' को रूपमा वर्णन गर्न, उनीहरूले छालाजस्तो कोषलाई पानी र तातोको उपस्थितिमा स्टार्च अणुहरूको अन्तरआणविक बन्धनहरू तोड्ने प्रक्रिया अर्थात् वास्तविक मानव छालाको लिगामेन्टबाट प्रेरित एक विधि (जिलेटिनाइज्ड) गरी रोबोटको प्वालभित्र राखेका छन्। *रासस/एएफपी*

# रूसको दागेस्तान हमलाको राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा निन्दा

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रंघीय सुरक्षा परिषद्ले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै रूसको दागेस्तानमा आइतबार भएको आतंकवादी हमलाको 'कडा शब्दमा' निन्दा गरेको छ। सुरक्षा परिषद्का सदस्यहरूले रूसी संघको दागेस्तान गणतन्त्रमा भएको 'जघन्य र कायरतापूर्ण आक्रमण'को कडा निन्दा गरेका हुन्।

विज्ञप्तिमा पीडित परिवार, सरकार र रूसका जनताप्रति गहिरो सहानुभूति र समवेदना व्यक्त गरिएको छ भने घाइतेको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गरिएको छ। आतंकवादको गतिविधि र अभिव्यक्तिले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि सबैभन्दा गम्भीर खतरा भएको पुष्टि गर्दै सुरक्षा परिषद्का सदस्यले आतंकवादका अपराधी, आयोजक, वित्तपोषण गर्ने तथा प्रायोजकलाई जवाफदेही बनाई न्यायको कठघरामा ल्याउनुपर्ने कुरामा जोड दिए।

उनीहरूले सबै राज्यहरूलाई अन्तर्राष्ट्रिय कानुन र सान्दर्भिक सुरक्षा परिषद्का प्रस्तावअन्तर्गत आफ्ना दायित्वअनुसार यस सन्दर्भमा रूसी सरकार र अन्य सरोकारवाला अधिकारीसँग सक्रियरूपमा सहयोग गर्न आग्रह गरेका छन्। सुरक्षा परिषद्का सदस्यले आतंकवादी आक्रमणलाई आपराधिक र अन्यायपूर्ण भएको दोहोर्‍याउँदै सबै राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका दायित्वअनुसार आतंकवादी कार्यबाट अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा हुने खतरासँग लड्नुपर्ने आवश्यकतालाई औंल्याएका छन्। दक्षिणी रूसको दागेस्तान गणतन्त्रमा आइतबार भएको आक्रमणमा प्रहरी अधिकारी र सर्वसाधारणसहित २१ जनाको मृत्यु भएको थियो भने अन्य धेरै घाइते भएका छन्। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४०८०० | प्रति तोला - १४०१०० | प्रति तोला - १७८०

## आरपीएस प्रयोग बढाउन निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले क्युआर बाहेकको विदेशी मुद्रामा हुने अन्तर्देशीय भुक्तानीमा रिटेल पेमेन्ट स्विच (आरपीएस) प्रयोग गर्न सबै भुक्तानीका साधनहरूलाई निर्देशन गरेको छ। बिहीबार भुक्तानी प्रणाली सम्बन्धी निर्देशन-२०८० मा थप व्यवस्था गर्दै राष्ट्र बैंकले यस्तो निर्देशन गरेको हो।

क्यूआरलगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तर्देशीय रिटेल पेमेन्ट अन्तर्गतको मर्चेन्ट पेमेन्ट (पीटुएम) को अक्वायरिङ्ग तथा ईस्युइङ्ग कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्विच पूर्ण रूपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको रिटेल पेमेन्ट स्विच (आरपीएस) मार्फत हुने गरी कारोबार गर्न बैंकले निर्देशन गरेको हो।

यो व्यवस्था लागू भए पश्चात् यस्तो कारोबार गर्न चाहने भुक्तानी सेवा प्रदायक संस्थाले विदेशीसँग समझदारी (एमओयू) गर्नुपूर्व राष्ट्र बैंकको भुक्तानी व्यवस्थापन विभागसँग पूर्वसहमति लिनुपर्ने राष्ट्र बैंकले जनाएको छ।

यस्तो स्वीकृतिको लागि निवेदन पेस गर्दा प्रचलित विदेशी विनिमय र भुक्तानी प्रणाली सम्बन्धी सम्पूर्ण व्यवस्थाहरू पालना हुने, विदेशी संस्थासँगको मूल सम्झौता (मेन एग्रिमेन्ट), विदेशी संस्थाको प्रोफाइल, इन्टरफेस, कन्फिगिरेसन कारोबार सम्बन्धी रुल, फ्रि सेयरिङ्ग, ट्रान्जेक्सन एण्ड डिस्पुट सेटलमेन्ट मेकानिजम, रिक्स म्यानेजमेन्ट, भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १४(२) मा उल्लेखित विषय, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण, साइबर सुरक्षा लगायतका मुद्दामा राष्ट्र बैंकले माग अनुसारको कागजात उपलब्ध गराउनुपर्ने बैंकले जनाएको छ।

साथै भुक्तानी कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेको अवस्थामा दाबी उजुरी परेको वा नगरेको अवस्थामा कारोबार रकमको फोस् सेटलमेन्ट बढीमा ३० दिन (टी प्लस ३० डे) भित्र गराउने दायित्व उपकरण जारी गर्ने र प्राप्त गर्ने दुवै संस्थाको जिम्मेवारी हुने राष्ट्र बैंकले जनाएको छ।

## 'बजेटमा राखिएका सुझाव सम्बोधन भएनन्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रियसभाका सदस्यहरूले बजेटपछिको विनियोजन विधेयकमाथि भएको छलफलमा दुबै सदनका सांसदले दिएको सुझावलाई सामावेश नगरिएको भन्दै आपत्ति जनाएका छन्। राष्ट्रियसभाको बिहीबारको दोस्रो बैठकमा अर्थमन्त्री वर्षमान पुनद्वारा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'विनियोजन विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्तावको छलफलको क्रममा उनीहरूले गुनासो गरेका हुन्।

राष्ट्रियसभा सदस्य देवेन्द्र दाहालले नेपाल सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको र प्रतिनिधिसभाबाट सन्देशसहित आएको विनियोजन विधेयकमा अर्थ मन्त्रालयले सिधैं रकम रकामन्तरण गर्ने प्रावधान रहेकाले यसलाई मन्त्रिपरिषद्ले रकमान्तरण गनुपर्ने सुझाव दिए।

सांसद उर्मिला अर्यालले विनियोजन विधेयकमा बजेट कार्यन्वयनका लागि सहजीकरण गर्न विधेयक आएको उल्लेख गर्दै खर्च व्यवस्थित गर्न आएको विधेयक आवश्यक र सान्दर्भिक रहेको बताइन्।

राष्ट्रियसभा सदस्य भगवती न्यौपानेले बजेटको विषयमा दुबै सदनमा छलफल गर्ने र पास हुने भएकाले सांसदले जनताको भावना बुझेर विचार राखे पनि त्यो छलफलमा नसमेटिएको बताइन्।

'संसद्प्रति जनताको विश्वास बढेको छैन, यो प्रक्रिया बदल्नुपर्छ, सांसदको सुझाव समेट्नु पर्छ,' उनले भनिन्, 'कति सांसदले बजेट अघि प्रस्ताव गर्नुभएको योजना पर्छ उहाँहरू खुसी हुनुहुन्छ तर कतिपय सांसदले प्रस्ताव गर्नुभएको योजना पास हुँदै निराश हुनुहुन्छ, प्रथामिकताको आधारमा बजेट विनियोजन हुनुपर्छ।' राष्ट्रियसभा सदस्य मायाप्रसाद शर्माले आयोजना कार्यान्वयनका लागि स्रोत परिचालनको आधार रहेको भन्दै कार्यान्वयन गर्ने पक्षमा विशेष ध्यान दिन आवश्यक रहेको बताए।

राष्ट्रियसभा सदस्य श्रीकृष्णप्रसाद अधिकारीले अर्थतन्त्रका सम्भावना र चुनौतीकाबीच आएको विनियोजन विधेयकको समर्थन गरेका छन्। राष्ट्रियसभा सदस्य गोपाल भट्टराईले छलफलमा उठेका विषयमा संशोधन गर्नुहुन्न भन्ने चलन अन्त्य हुनुपर्ने बताए। राष्ट्रियसभा सदस्य विष्णुकुमारी सापकोटाले पनि विनियोजन विधेयकमा सांसदले दिएको सुझाव समावेश नहुने गरेको भन्दै आपत्ति जनाइन्।

राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले सेवा प्रदायकलाई सहज बनाउन आएको विधेयकमा टिप्पणी गर्दै बजेट विनियोजन गर्ने क्रममा सन्तुलित रूपमा बजेट विनियोजन हुन नसकेको बताए। राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरेले सन्तुलित रूपमा बजेट विनियोजन भएको भन्दै विधेयकको स्वागत गरिन्।

## कर्पोरेट

### केईको इलेक्ट्रीक मोडल एक्स-३ प्रोको बुकिङ खुला




**काठमाडौं (प्रस)–** केई मोटर्सको आधिकारीक बितरक लक्ष्मी ई-मोविलिटी प्राइभेट लिमिटेडले केईको इलेक्ट्रीक एसयूभी एक्स-३ प्रोको बुकिङ खुला गरेको छ। कम्पनीले काठमाडौंको भाट भटेनीमा सुविधा सम्पन्न शोरुम निर्माण गरेर शोरुम संचालनमा ल्याएसँगै बुकिङ खुला गरेको हो। सुरुमा एक्स-थ्री प्रो मोडल दुई भेरियन्टमा बुकिङ खुला गरिएको छ। अहिले केई एक्स-३ प्रोको डिलक्स र फ्ल्यागसिप भेरिएन्ट उपलब्ध हुनेछ। इन्टोडक्टरी प्राइसको हिसावले डिलक्स भेरिएन्टको मूल्य ४६ लाख ९६ हजार र फ्ल्यागसिप भेरिएन्टको ४८ लाख ९६ हजार रूपैयाँ रहनेछ।

कटिङ एज टेक्नोलोजी, स्लीक डिजाइन र उत्कृष्ट पर्फमेन्स दिनसक्ने एक्स-३ प्रो मोडल कम्प्याक्ट एसयूभी सेग्मेन्टमा शान्दार मोडल बन्ने कम्पनीले विश्वास लिएको छ। यसमा ५३.६ किलोवाट आवर क्षमताको लिथियम आयोन फस्फेट ब्याट्री र १२० किलोवाट क्षमताको मोटर रहेको छ। यसको अधिकतम टर्क २८० एनएम छ।

सिएलटिसीका अनुसार यसले सिंगल चार्जमा ४०१ किलोमिटर रेन्ज दिनेछ। यसलाई ७ किलोवाट क्षमताको एसी चार्जरले ८ घन्टामा फुल चार्ज गर्न सकिन्छ। साथै, १०० किलोवाटसम्मको चार्जर सपोर्ट गर्ने एसयूभीलाई ३० मिनेटमा ३० देखि ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ।

### ओपेक फण्डबाट २५ मिलियन ऋण लिँदै ग्लोबल आईएमई




**काठमाडौं (प्रस)–** ओपेक फण्डले ग्लोबल आइएमई बैंकलाई २५ मिलियन डलर ऋण प्रदान गर्ने भएको छ। यससम्बन्धी सम्झौतामा ओपेक फण्डका अध्यक्ष अब्दुल हमिद अल्खलिफा र ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले हस्ताक्षर गरेका छन्। यो ऋण लघु, साना तथा मझौला उद्यमहरूलाई वित्तीय पहुँच बढाउन, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न र महिलाहरूद्वारा सञ्चालित व्यवसायहरूको क्षमता अभिवृद्धि गर्न परिचालन गरिनेछ।

लघु, साना तथा मझौला उद्यमको संख्या नेपालमा दर्ता कुल व्यवसायको ९५ प्रतिशतभन्दा बढी रहेको छ भने यसले ४५ प्रतिशतभन्दा धेरै रोजगारी सृजना गरेको छ। यसका बाबजुद, लघु, साना तथा मझौला उद्यमहरूले लगानीको ठूलो अभाव झेलिरहेका छन्। 'नेपालमा लघु, साना तथा मझौला व्यवसायहरू र जलवायु परिवर्तनका असर न्यूनीकरणसम्बन्धी परियोजनाहरूलाई सुदृढ बनाउन ग्लोबल आइएमई बैंकसँग साझेदारी गर्न पाउँदा हामीलाई खुशी लागेको छ। यी क्षेत्रहरू दिगो आर्थिक वृद्धि र जलवायु परिवर्तनको प्रतिरोधात्मक क्षमताका लागि निकै महत्वपूर्ण छन्। हाम्रो यस ऋणले लगानीको अभाव सामना गरिरहेका विभिन्न क्षेत्रमा वित्तीय पहुँच बढाउँदै समावेशी विकासलाई प्रवर्द्धन गर्नेछ,' अल्खलिफाले भने। 'यो ऋण सम्झौताले दिगो विकास लक्ष्य हासिल गर्न र जलवायु तथा लैंगिक वित्तमार्फत त्यस क्षेत्रमा देखिएको स्रोतको अभावलाई परिपूर्ति गर्न महत्वपूर्ण सहयोग गर्नेछ। साथै, नेपालमा हरित ऊर्जा क्षेत्रको स्रोत अभावलाई सम्बोधन गर्दै महिलाहरूलाई आर्थिकरूपमा सशक्त बनाउन सहयोग गर्नेछ,' ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले भने।

### वायु प्रदूषणका कारण मृत्यु हुनेको संख्या बढ्यो

**काठमाडौं (प्रस)–** स्टेट अफ ग्लोवल एयर २०२४ नामक रिपोर्ट हालै सार्वजनिक भएको छ। हेल्थ इफेक्ट इन्स्टिच्यूट एवम् हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसन नामक संस्थाले यूनिसेफसँगको सहकार्यमा यो प्रतिवेदन सार्वजनिक गरेको हो। स्टेट अफ ग्लोबल एयरको उक्त प्रतिवेदनले २०२१ मा विश्वमा वायु प्रदूषणका कारण ८१ लाख मानिसको मृत्यु भएको तथ्य प्रस्तुत गरेको छ। सन् २०१९ मा करीब ७२ लाख मानिसको मृत्यु वायु प्रदूषणका कारण भएको उल्लेख गरिएको थियो। वायु प्रदूषणका कारण नेपालमा सन् २०२१ मा ४८, ५०० मानिसको मृत्यू भएको तथ्यांक प्रतिवेदनमा उल्लेख गरिएको छ। सन् २०१९ को प्रतिवेदनमा यो संख्या ४२, १०० थियो। विश्वभरी वायु प्रदूषणका कारण मृत्यु हुने मध्ये पि.एम २.५ अर्थात धुलो धुँवामा मिसिएका विषाक्त वायुका कारण ५८ प्रतिशत, मृत्यु घरभित्रको प्रदूषणका कारण ३८ प्रतिशत र ओजोनको कारण ६ प्रतिशतको मृत्यु भएको तथ्य रिपोर्टमा उल्लेख छ। विश्वभरी उच्च रक्तचापपछि वायु प्रदूषण नै मानव स्वास्थ्यमा जोखिम बढाउने तत्व भएको कुरा उल्लेख छ। वायु प्रदूषणको उच्च जोखिममा दक्षिण एशियाली र अफ्रिकन मुलुकहरू रहेका छन्।

### सिटिजन्स क्यापिटलको अध्यक्ष तथा संचालक नियुक्त



**काठमाडौं (प्रस)–** सिटिजन्स क्यापिटल लि.को अध्यक्षमा राजेन्द्रलाल श्रेष्ठ नियुक्त भएका छन्। कम्पनीको मुख्य कम्पनी सिटिजन्स बैंक ईन्टरनेशनल लि.को तर्फवाट मनोनित भई यस संस्थाको अध्यक्ष रहेका पारस कुमार काफ्लेको असमायिक निधन भई रिक्त रहन गएको अध्यक्ष पदमा संस्थाको १२५ औं संचालक समितिको बैठकले यस संस्थाको संचालक सदस्य रहेका श्रेष्ठलाई नियुक्तः गरेको हो।

साथै, उक्त बैठकले रिक्त रहन आएको संचालक १ पदका लागि मुख्य कम्पनी सिटिजन्स बैंक ईन्टरनेशनल लि.को तर्फवाट मनोनित भई आएका नारायण राज अधिकारीलाई संचालक पदमा नियुक्ति गरेको छ। उक्त बैठकमा सिटिजन्स बैंक ईन्टरनेशनल लि.तर्फबाट अन्य संचालक प्रमेश राज कायस्थ, कर्मचारी संचय कोष तर्फबाट सुवाष खड्का, स्वतन्त्र संचालकहरू अभिजित मुल, ज्योत्सना बोहोरा पाण्डेका साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठ तथा कम्पनी सचिव रमेश लुईटेलको उपस्थिति रहेको थियो।

## नेप्सेमा ८ अंकको गिरावट

**काठमाडौं (प्रस)–** पुँजीबजारमा पछिल्लो तीन दिनको कारोबारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक लगातार घटेको छ। गत मङ्गलबार र बुधबार लगातार ओरालो देखिएको नेप्से परिसूचकले साताको अन्तिम दिन बिहीबार पनि निरन्तरता पाएको हो। यो साताको कारोबारको अन्तिम दिन नेप्से परिसूचक आठ दशमलव २४ अङ्कले घटेर दुई हजार ५१ दशमलव ९२ को विन्दुमा कायम भएको हो।

तीन सय ३३ कम्पनीको ८९ लाख एक हजार एक सय ९५ कित्ता शेयर ५० हजार दुई सय ८१ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ७१ करोड ५९ लाख तीन हजार आठ सय २४ मा खुम्चिएको छ। कारोबारपछि कुल बजार पुँजीकरण रु ३२ खर्ब ५३ अर्ब ७४ करोड ४७ लाख ७० हजार बराबर कायम भएको छ।

बैकिङ, म्युचुअल र अन्य समूहको उपसूचक सामान्य बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २३ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ। विकास बैंक शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव ५१, जलविद्युत् शून्य दशमलव ४५, लगानी शून्य दशमलव २०, जीवन बीमा शून्य दशमलव ९९, उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त शून्य दशमलव ९५ र निर्जीवन समूह शून्य दशमलव ६६ प्रतिशतले घटेको छ।

त्रिशुली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ०९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं। साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ